का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक २
- १७ माघ २०७६, शुक्रबार
- 31 January 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# गाँजा खेती गर्ने हो ?

**गाँजाबाट ३०० प्रकारको औषधि बनिरहेको बताउँदै यसको प्रयोग २,५०० औषधिमा हुनसक्ने दाबी गर्छन् । खतिवडा भन्छन्, 'अरू गाँजा बेचेर धनी हुने, गरिब नेपालीले चाहीँ खेती गर्न पनि नपाउने भन्ने हुँदैन ।**



**वीरेन्द्र शाह/मध्यान्ह**
काठमाडौं, १६ माघ

नेपालमा गाँजाको बैधानिक खेती गर्ने विषयमा विवाद सुरु भएको छ । प्रतिनिधिसभाका ४५ जना सांसद्हरूले गाँजा र भाङको खेती बैधानिक रुपमा हुनुपर्ने माग राखेपछि विवाद सुरु भएको हो । सांसद्हरुले गाँजा र भाङमा लगाइएको कानूनी प्रतिबन्ध हटाउन जरुरी सार्वजनिक महत्वको प्रस्ताव संसदमा दर्ता गराइसकेका छन् । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद् विरोध खतिवडाकै नेतृत्वमा प्रस्ताव दर्ता भएको हो । गाँजाको खेती र त्यसको कारोबारलाई कानूनी बनाउनु पर्ने माग गर्ने सांसदहरूले त्यसबाट नेपालको अर्थतन्त्र समृद्ध हुने दाबी गरिरहेका छन् ।

यसैबीच सरकारको पनि प्रतिक्रिया आएको छ । सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री गोकुलप्रसाद बाँस्कोटाले गाँजा खेतीका विषयमा सरकारले अहिले नै सोच नबनाएको पनि बताएका छन् ।

यता संसद्मा प्रस्ताव दर्ता गराएका सांसद् खतिवडा नेपालले २०३३-३४ सालतिर पश्चिमी देशहरूको दबाबमा गाँजा खेती र बिक्रीलाई गैरकानुनी बनाएको बताएका छन् । 'त्यसबेला पश्चिमा देशहरूले आफूहरूले पनि प्रतिबन्ध लगाएर नेपाललाई पनि दबाब दिए, त्यो ठिकै कुरा भयो होला । तर अहिले ६२ वटा मुलुकहरूले पूर्ण वा आंशिक रूपमा गाँजालाई खुला गरिसकेको अवस्थामा नेपालले पनि कानुनी मान्यता दिनुपर्छ' खतिवडाले भने ।

उनी गाँजाबाट ३०० प्रकारको औषधि बनिरहेको बताउँदै यसको प्रयोग २,५०० औषधिमा हुनसक्ने दाबी गर्छन् । खतिवडा भन्छन्, 'अरू गाँजा बेचेर धनी हुने, गरिब नेपालीले चाहीँ खेती गर्न पनि नपाउने भन्ने हुँदैन । यो त सामाजिक न्याय भएन । त्यसैले यसलाई वैधानिकता दिनुपर्छ, निश्चित क्षेत्र तोकिनु पर्छ र निगरानीमा यसको खेती र कारोबार हुनुपर्छ ।'

बीबीसी नेपाली सेवाका अनुसार सांसद् लालबहादुर थापा गाँजा खेती खुला नगरी नेपालले समृद्धि हासिल गर्न नसक्ने बताउँछन् । उनले भने, 'आजभन्दा २०-२५ वर्षअघि यार्सागुम्बा पनि प्रतिबन्धित जस्तै थियो । त्यसलाई खुला गरेपछि गरिब जनताले आम्दानी गर्न पाएका छन्, राज्यले पनि कर पाएको छ ।' उनी गाँजा कम खेतीयोग्य जमिनमा हुने भएकाले पनि त्यसलाई सरकारले प्रोत्साहन गर्नुपर्ने तर्क गर्छन् ।

गाँजा पूर्णरूपमा खुला गर्नुपर्ने तर्कसँग सहमत नहुनेहरू भने यसका नकारात्मक प्रभाव पार्न सक्ने बताउँछन् । उनीहरू नेपालले गाँजालाई कानुनी बनाइहाले पनि त्यसले सांसदहरूले बाँकी पृष्ठ २ मा

## 'सरकारले सोचेको छैन'



काठमाडौं/मस- सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले गाँजाखेती खुला गर्ने विषयमा सरकारले अहिले नसोचेको बताएका छन् । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित नियमति पत्रकार सम्मेलनमा मन्त्री बाँस्कोटाले भने, 'अहिलेसम्म सरकारले गाँजाका विषयमा सोचेको छैन ।'

सांसदहरुले गाँजा खुला गर्नुपर्ने लबिङ गरेकोबारे सञ्चारकर्मीले राखेको जिज्ञासामा उनले भने, 'कुनै विषय राख्न माननीयज्यूहरुलाई स्वतन्त्रता छ । गाँजा खेतीलाई कानूनतः मान्यता दिइएको छैन । मान्छे लट्ठिन हो कि औषधिका लागि हो, त्यस विषयमा माननीयज्यूहरुले नै जान्नुहोला । पैसा आउँछ भन्दैमा जे पनि गर्न त मिल्दैन । यसको विश्वव्यापी मान्यता छ ।'

हरेक विषयमा सरकारको दृष्टिकोण नखोज्न उनले सञ्चारकर्मीहरुलाई आग्रह पनि गरे । 'सांसदहरुले सरकारसँग सोधेर गाँजा खुला गर्ने कुरा गर्नुभएको होइन । ल मेकर भइसकेपछि उनीहरुले जे पनि बोल्न सक्नुहुन्छ आफ्नो हिसाबले,' उनले भने ।

# डेढ वर्षमा नतिजा शून्य

**शेरबहादुर सिंह/रासस**
भीमदत्तनगर, १६ माघ

बलात्कारपछि हत्या गरिएको १३ वर्षीया बालिका निर्मला पन्तको हत्याको छानविन गर्न नेपाल प्रहरीले डेढ वर्षको अवधिमा पाँच जना अनुसन्धान अधिकृत फेरिसकेको छ । तर, नतिजा शून्य छ । कञ्चनपुरको भीमदत्तनगरपालिका-२ की बालिका निर्मला हत्या प्रकरणमा नेपाल प्रहरीको केन्द्रीय निकायले विभिन्न अनुसन्धान टोली गठन गरी गहनरुपमा अनुसन्धान गरिरहेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) र पछिल्लो समय प्रहरी महानिरीक्षकको सचिवालयबाट टोली अनुसन्धानमा खटिरहेका छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट उक्त घटनाको अनुसन्धान अधिकृत रहने प्रहरी नायब उपरीक्षक छोटो समयमै धेरै परिवर्तन हुने क्रम देखिएको छ ।

शुरुआतको समयमा अनुसन्धान अधिकृतमा जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रहरी निरीक्षक (हाल निलम्बित) एकीन्द्र खड्का खटिएका थिए । निर्मलालाई न्याय माग गर्दै आन्दोलन चर्किएपछि अनुसन्धान अधिकृत उनीसहित सात प्रहरी निलम्बितमा परेका थिए । गृहमन्त्रालयले तत्कालीन जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी उपरीक्षक डिल्लीराज विष्ट र तत्कालीन वडा प्रहरी प्रमुख प्रहरी निरीक्षक जगदिश भट्टलाई घटनाको केही महिनापछि सेवाबाटै बर्खास्त गरिदिएको थियो ।



**"भिडियो क्लिपकै आधारमा दिलीपलाई पक्राउ गरेर प्रक्रिया अघि बढाउन सकिन्न भन्ने सरकारी वकिलको जवाफपछि प्रहरी पछि हटेको हो ।"**

**निर्मला प्रकरण**

'निर्मला प्रकरण'मा डेढ वर्षको अवधिमा जिल्ला प्रहरी कार्यालयबाट चार अनुसन्धान अधिकृत परिवर्तन भइसकेको छ । शुरुका अनुसन्धान अधिकृत खड्का निलम्बन परेपछि प्रहरी नायब उपरीक्षक कृष्णराज ओझाले सम्हालेका थिए । उनीपछि सरुवा भएर आएका प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर विष्टले सो प्रकरणको अध्ययन गर्दैगर्दा इलाका प्रहरी कार्यालय अत्तरिया काज सरुवा भयो । यसपछिका प्रहरी नायब उपरीक्षक गणेश बम पनि थोरै समय जिल्ला प्रहरीमा बसेर जिल्ला प्रहरी कार्यालय बझाङको प्रमुख भएर सरुवा भएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको जनाएको छ ।

प्रहरी निकट स्रोतका अनुसार केही दिनअघि मात्रै उक्त घटनाको अनुसन्धान अधिकृत रहेका प्रहरी नायब उपरीक्षक नरेन्द्र चन्दको पनि प्रदेश नं ५ को दंगा नियन्त्रण गणमा काज सरुवा गरिएको छ । उनी पनि केही महिनाअघि मात्रै जिल्ला प्रहरी कार्यालय आएका बाँकी पृष्ठ २ मा

# मालपोतका पियनको सम्पत्ति १० करोड

**मध्यान्ह संवाददाता**
काठमाडौं/१६ माघ-

कार्यालय सहयोगीको मासिक तलब कति होला ? त्यो सहजै अनुमान लगाउन सकिन्छ । र उसले जीवनभर कति सम्पत्ति आर्जन गर्लान भन्ने त्यो पनि सहजै अनुमान लगाउन सकिने कुरा हो । तर, एउटा कार्यालय सहयोगीको सम्पत्ति झण्डै १० करोड भन्दा अचम्म लाग्न सक्छ ।



चावहिलस्थित मालपोत कार्यालयका कार्यालय सहयोगी राजेन्द्र बस्नेतले भने झण्डै १० करोड सम्पत्ति आर्जन गरेका छन् । अख्तियार दुरूपयो अनुसन्धान आयोगले उनीविरुद्ध अकुत सम्पत्ति थुपारेको भन्दै भ्रष्टाचार मुद्दा लगाएको छ ।

बिहीबार अख्तियारले बस्नेत विरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । उनी र उनको परिवारको नाममा ९ करोड ७३ लाख ३१ हजार रूपैयाँ सम्पत्ति देखिएको अख्तियारले जनाएको छ। त्यो सम्पत्तिमध्ये ८ करोड ९८ लाखको वैध स्रोत खुलेको छैन् ।

उनलाई २ वर्षसम्म कैद र विगोजति नै जरिवाना गराउन माग गर्दै अख्तियारले विशेषमा मुद्दा हालेको हो । त्यसमाथि उनले भ्रष्टाचार गरी कमाएको ८ करोड ९८ लाख जफत गर्न पनि अख्तियारको माग छ ।

उक्त सम्पत्ति मध्ये ७४ लाख ७३ हजार ३ सय ७३ रूपैयाँमात्रै वैध रहेको अख्तियारले जनाएको छ । मालपोतमा कार्यालय सहयोगीको काम गर्ने उनको जीवनयापन अस्वभाविक भएको बाँकी पृष्ठ २ मा

# 'एमसीसीबारे स्याल जस्तो कराउनु पर्दैन'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

एमसीसीका विषयमा विवाद भइरहेका बेला सूचना तथा सञ्चार प्रविधि मन्त्री गोकुल बाँस्कोटाले स्पष्टिकरण दिएका छन् । उनले एमसीसी सम्झौतामा 'सैन्य' शब्द नभएको दाबी गरेका छन् । नियमित पत्रकार सम्मेलनमा बोल्दै उनले एमसीसीको कुनै 'प्वाइन्ट'मा आईपीएस नभएको भन्दै छ भने देखाउन चुनौती दिए । उनले भने, 'सैन्य शब्द छ भने देखाउनुपर्‍यो, नत्र स्याल जस्तो कराउनुपर्दैन ।' उनले मुलुकको मुख्य परराष्ट्र नीति नै असंलग्न परारष्ट्र नीति अवलम्बन गरेको उल्लेख गर्दै राष्ट्रिय मुद्दामा ध्यान दिनुपर्ने बताए । उनले एमसीसी र बीआरआई सम्बन्धित मुलुकले हितको कुरा भएको बताउँदै उनले आफूहरु व्याख्यता नरहेको बताए । आईपीएस बारे आफूहरुलाई थाहा नभएको पनि उनले बताए । उनले भने, 'हामी कसैको सैन्यगठबन्धनमा सामेल हुँदैनौं । सरकार राष्ट्रिय हित र स्वार्थमा केन्द्रित छ । हामी हाम्रो स्वार्थको व्याख्यता हो ।'

उनले शित युद्धमा पनि नेपालले अमेरिका,रुस,चीन र भारतबाट लिएको कुरा स्मरण गराए । एमसीसी ऊर्जाका निम्ति क्षमता विस्तार रसडकबनाउनेमा केन्द्रीत रहेको बताए । उनले भने, 'हाम्रोमा विद्युत उत्पादन अब धेरै हुन्छ । बजार चाहिन्छ । भारतसँग विद्युत बजार विस्तारका लागि भारतसँग स्वीकृति लिएका छौँ । ताप्लेजुङमा उत्पादन भएको विद्युत राष्ट्रिय प्रशारणमा जोड्न नसकेको आयोजनाको राष्ट्रिय प्रशारणमा पनि जोड्न सकेका छैनौं ।'

## मन्त्रिपरिषदका १७ निर्णय

१. जलवायु परिवर्तन तथा विपद्बाट हुनसक्ने सम्भावित जोखिम बहन गर्न विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने ५० मिलियन अमेरिकी डलर बराबरको ऋण सहायता स्वीकार गर्ने विषयमा वार्ता गर्न अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिवको नेतृत्वमा सात सदस्यीय वार्ता टोली गठन गरिएको छ ।

२. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि एक वर्ष थप गरिएको छ ।


३. २३ सेप्टेम्बर २०१९ मा न्यूयोर्कमा आयोजना भएको क्लाइमेट एक्सन समिटको क्रममा भारत सरकारले घोषणा गरेको सिडिआरआईमा नेपाल सामेल हुन सोको विधानमा समर्थन जनाउने र त्यसको जानकारी परराष्ट्र मन्त्रालयले कूटनीतिक माध्यमबाट भारत सरकारलाई दिने निर्णय गरिएको छ ।

४. द्वन्द्वबाट क्षति भएका बाँकी पृष्ठ २ मा

## साउदीस्थित नेपाली दूतावासको उर्दी
# रोजगारदाताको प्रोफाईल म्यानपावरकै जिम्मा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

साउदी अरबस्थित नेपाली राजदूतावासले रोजगारदाता कम्पनीको विवरण वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा अध्यावधिक गर्न म्यानपावर कम्पनीहरुलाई आग्रह गरेको छ । दूतावासले बिहीबार एक सूचना जारी गर्दै रोजगारदाता कम्पनीहरुको विवरण विभागले ह्याण्डिल गरेको सूचना प्रणालीमा प्रविष्टी नभएको कारणले मागपत्र प्रमाणित गर्न समस्या भएको बताएको छ ।



वैदेशिक रोजगार विभागले गत जनवरी १ तारिकदेखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) कार्यान्वयनमा ल्याएको हो । तर

**वैदेशिक रोजगार विशेष**

दूतावासहरुले जनशक्तिको कमी देखाउँदै प्रणाली सञ्चालनबाट पछि हटेपछि समस्या आएको वैदेशिक रोजगार व्यवसायीहरुले बताएका छन् । उनीहरुले तत्काल समस्याको समाधान नभए नेपाल आउने डिमाण्ड अन्यत्रै डाइभर्ट हुने चेतावनी समेत दिएका छन् ।

स्वीस सरकारको सुरक्षित आप्रवासन परियोजना (सामी) को आर्थिक सहयोगमा उक्त प्रणाली निर्माण भएको हो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले यसै हप्ता सामीका पदाधिकारीबीच छलफल गरेर प्रणालीमा देखिएका समस्याबारे जानकारी दिएको छ ।

नेपाली दूतावासले रोजगारदाता कम्पनीहरुको विवरण उक्त सूचना प्रणालीमा अपलोड नभएको कारणले मागपत्र प्रमाणीकरण गरी प्रणालीमा अपलोड गर्न समस्या भएको भन्दै समयमै कागजात अपलोड गर्नका लागि मागपत्र सहित सम्बन्धित रोजगारदाता कम्पनीको विवरण सूचना प्रणालीमा अपलोड गर्न आग्रह गरेको हो । विदेशी कम्पनीको विवरण प्रणालीमा अपलोड गर्न बाध्य पार्ने सरकारी निर्देशनले थप समस्या सिर्जना गर्ने व्यवसायीहरुको चिन्ता छ ।

खाडीस्थित बाँकी पृष्ठ २ मा

**तु-आवश्यकता**

पि.आर.ओ - १ जना (महिला/पुरुष)

अफिस सेक्रेटरी - १ जना (महिला/पुरुष)

**Rays Recruitment Pvt. Ltd.**

Dharapati Sneha koloni, Bashundhara-4, Kathmandu, Nepal

**तु-आवश्यकता**

डकुमेन्टेसन - २ जना (महिला/पुरुष)

अफिस सेक्रेटरी - २ जना (महिला/पुरुष)

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**

**हार्दिक बधाई**

विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।

**बाबुलाल मगर (नरेन्द्र)**
कार्यसमिति सदस्य
**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
एवं
**द ग्लोबल रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.**
(के.डी. ओभरसिज प्रा.लि.)
परिवार
टोखा-१०, बसुन्धारा, नेपाल, फोन : ४३६५२६४

# पाँचमध्ये एक शिशुले निमोनियाको खोप पाएनन्

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

आगामी एक दशकमा नेपालमा निमोनिया लगायत अन्य प्रमुख रोगका विरुद्ध लड्ने अभियानलाई बलियो बनाउँदा पाँच वर्षमुनिका २३ हजारभन्दा बढी बालबालिकालाई मृत्युबाट जोगाउन सकिने एक अध्ययन प्रतिवेदनले औँल्याएको छ।

स्पेनको बार्सिलोनामा बुधबारदेखि शुरु भएको 'बाल्यावस्थाको निमोनियाको विश्वव्यापी मञ्च (ग्लोबल फोरम अन चाइल्डहुड निमोनिया') पूर्वसन्ध्यामा सो आँकलन प्रतिवेदन सार्वजनिक गरिएको हो। विश्वमा पहिलोपटक सो मञ्चको बैठक भएको जनाइएको छ।

जनस्वास्थ्यका विविध क्षेत्रको अध्ययन अनुसन्धानमा विश्व प्रसिद्ध अमेरिकाको जन्स हप्किन्स विश्वविद्यालयद्वारा गरिएको सो अध्ययन प्रतिवेदनका अनुसार नेपालमा निमोनियाको उपचार र रोकथाम सेवाको विस्तारले मात्र पनि पाँच वर्षमुनिका करिब नौ हजार बालबालिकालाई अकालमा मृत्यु हुनबाट जोगाउन सकिने र यस्ता सेवाको विस्तारले सिर्जना गर्ने 'लहर प्रभाव' ले थप १४ हजारभन्दा धेरै बालबालिकाको अन्य रोगबाट हुने मृत्युलाई रोक्न सकिने औँल्याइएको छ।

ब्याक्टेरिया, भाइरस र फंगी पाँच वर्षमुनिका बालबालिकमा निमोनिया हुने प्रमुख कारकतत्व मानिन्छ। यसको संक्रमणबाट बालबालिकाको फोक्सोमा पिप र पानी भरिँदा उनीहरूलाई सास फेर्न अप्ठयारो हुने गर्दछ। पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युको सबैभन्दा ठूलो कारण निमोनियालाई लिइन्छ। गत वर्ष मात्र संसारभर आठ लाख बालबालिकाको मृत्युको मुख्य कारक निमोनिया बनेको थियो।

संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)ले हरेक ३९ सेकेण्डमा एक बालबालिकाले निमोनियाका कारण मृत्युवरण गर्नुपर्ने जनाएको छ। नेपालका पाँच वर्षमुनिका बालबालिकाको मृत्युको प्रमुख कारण निमोनिया नै रहेको छ। पाँच वर्षमुनिका गत वर्ष मृत्यु भएका करिब १८ हजार बालबालिकामध्ये १३ प्रतिशतको मृत्यु निमोनियाका भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

केही किसिमका निमोनिया खोपले र कम खर्चका एन्टिबायोटिक्सले उपचार गर्न सकिने भए पनि प्रतिवेदनले नेपालका पाँचमध्ये एक शिशुले निमोनियाबाट जोगाउने खोप लगाउन नपाएका र निमोनियाका लक्षण देखिएका धेरै बालबालिकाले



उचित उपचारसमेत नपाएको औँल्याएको छ।

निमोनियाबाट मृत्यु हुने बालबालिकाको संख्या विश्वका गरिब देशमा धेरै रहेका छन्। सीमान्तकृत बालबालिका सबैभन्दा धेरै प्रभावित हुने गरेका छन्। प्रतिवेदनले सन् २०२० देखि २०३० को दशकमा नेपालका पाँच वर्षभन्दा कम उमेरका १८ हजारभन्दा धेरै बालबालिकाको मृत्यु निमोनियाका कारण हुने अनुमान लगाएको छ। यसैगरी निमोनियाबाट अल्जेरियामा १४ लाख, भारतमा ८८ लाख, कंगोमा ३५ लाख र इथियोपियामा दुई लाख ८० हजार बालबालिकाको मृत्यु हुने अनुमान प्रतिवेदनमा रहेको छ।

प्रतिवेदनले स्वास्थ्य सेवा प्रवाह र पोषणको अवस्थामा सुधार, एन्टिबायोटिक्सको सहज उपलब्धता र पूर्ण खोप, स्तनपानको दरमा बृद्धिजस्ता पहलले निमोनियाबाट मृत्यु भइरहेका बालबालिकाको संख्या घटाउन सकिने दिएको छ। ती पहलले सेप्सिस, झाडापखाला र मेनिन्जाइटिसजस्ता रोगबाट मृत्यु हुनसक्ने हजारौँ बालबालिकालाई पनि जोगाउन सकिने जनाएको छ।

"बालबालिकाको जीवन जोगाउने कुरामा हामी गम्भीर छौँ भने निमोनियासँग लड्नका लागि पनि गम्भीर हुनुपर्छ। अहिलेको कोरोना भाइरसको महामारीले पनि समयमै पहिचान र रोकथामका लागि जोड दिएका छ। यसको अर्थ सही निदान र सही उपचारको सिफारिस हुनुपर्छ", युनिसेफका कार्यकारी निर्देशक हेनरिएटा एच फोरलले मञ्चको बैठकमा भने, "निमोनियाबाट हुने मृत्युको पछाडिका कारणजस्तै कुपोषण, खोप र एन्टिबायोटिक्सको अभावको सम्बोधन र वायु प्रदूषणजस्ता थप जटिल चुनौतीको सामना गर्नुपर्छ।"

माघ १७ गतेसम्म जारी रहने सो मञ्चको आयोजना आइएस ग्लोबल, सेभ द चिल्ड्रेन, युनिसेफ, एभ्रीब्रिद काउन्ट्स, लाकाइसा फाउन्डेसन, बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसन, युएसएड, युनाइटेड र गाभीजस्ता बालबालिकाका क्षेत्रमा काम गर्ने नौवटा सस्थाले संयुक्तरुपमा गरेका हुन्। साथै मञ्चबाट सेरुम इन्स्टिच्युट अफ इन्डियाले थप सुलभ पिसिभीखोपको घोषणा गर्ने र सहभागी देशले निमोनियाबाट हुने मृत्युलाई घटाउन थप राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने यहाँस्थित युनिसेफ कार्यालयले जनाएको छ।

# सरकारमा जानेबारे छलफल भएको छैन : यादव

**काठमाडौं/मस-** राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका अध्यक्ष मण्डलका संयोजक तथा सांसद महेन्द्र राय यादवले आफ्नो पार्टी केन्द्रीय सरकारमा जानेबारे कुनै छलफल नभएको स्पष्ट पारेका छन्। बिहीबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै संयोजक यादवले सो कुरा बताएका हुन्।




उनले भने, 'सरकारमा सहभागी हुनेबारे पार्टीमा कुनै छलफल भएको छैन। त्यसैले सरकारमा जाने तत्काल कुनै सम्भावना छैन। सरकारमा जानेबारे हामीसँग नैतिक धरातल छैन। असोज ३ गतेलाई हामी कालो दिवसको रुपमा मनाउँछौं। अर्को कुरा प्रधानमन्त्रीसँग पनि सरकारमा जाने विषयमा कुनै छलफल भएको छैन।'

संयोजक यादवले सरकारमा सहभागी हुने कुरा आफूहरुको प्राथमिकता नभएको जिकिर गरे। उनले भने, 'राष्ट्रिय जनता पार्टी नेपाल सरकारमा जानको लागि ईच्छुक छैन। तर, हाम्रा माग र मुद्दा सम्बोधन गरियो, सहज वातावरण बन्यो र हाम्रा सबै काम सम्पन्न भए भने हामी त्यतिवेला विचार गर्न सक्छौं। हाम्रा विगतका मुद्दा र मागलाई यो सरकारले सम्बोधन गरोस्। तर, अहिले सरकारमा जाने स्थिति छैन।'

क्लबका सभापति ऋषि धमलाको सभापतित्वमा आयोजित साक्षात्कारमा बोल्दै उनले आफ्नो पार्टीले प्रतिनिधिसभाको लागि उपसभामुखमा पनी उम्मेद्वारी नदिने सम्भावना रहेको बताएका छन्।

सरकारले आफुहरुको माग पूरा नगरेसम्म सरकारमा नजाने र सरकारले संविधान संसोधन गर्छ भनेर नै आफुहरुले यसअघि एक वर्ष सम्म समर्थन गरेको तर एक वर्षसम्म संविधान संशोधन नभएपछि समर्थन फिर्ता लिएको उनको भनाइ थियो।

यादवले राजपा नेपाल र समाजवादी पार्टीबीच एकताको प्रक्रिया अघि बढिरहेकोले एकता हुनेमा आफु विस्वश्त रहेको बताए। उनले भने, 'एकताको लागि हामीले वार्ता कमिटी बनायौं, त्यो कमिटीले काम गरिरहेको छ। अहिले पनि अनौपचारिक वार्ताहरु भइरहेका छन्।' उनले एकताको लागि धेरै कुरा मिलिसकेको जिकिर गरे। उनले भने, 'विचार, सिद्धान्त र मूल्यको आधारमा पार्टीको नाम, चुनाव चिन्ह र झण्डामा सहमति भइसकेको छ। तर, नेतृत्व व्यवस्थापनमा अहिले छलफल चलिरहेको छ।'

# स्थानान्तरण गर्न सकिने पुल बनाइँदै

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले चालू आर्थिक वर्षभित्रै सक्नेगरी तीन स्थानमा स्थानान्तरण गर्नसक्ने आकाशे पुल निर्माण कार्य थालेको छ। अत्यधिक मात्रामा पैदलयात्रुको चाप हुने गरेको माइतीघर, जयबागेश्वरी र चाबहिल चोकमा निर्माणको तयारी भइरहेको छ। ती तीन स्थानमा निर्माण हुने पुल ढिलोमा चालू आर्थिक वर्षभित्रै सकिने गरी योजना बनाइरहेको कामपाले जानकारी गराएको छ।

ती तीन स्थानसँगै माइतीघर, टेकु भन्सार, त्रिपुरेश्वर, बबरमहल, पुतलीसडक, महाराजगञ्ज, कोटेश्वर र गौशाला चोकमा पनि स्थानान्तरण गर्न सकिने पुल निर्माण कार्य गर्ने कामपाको योजना छ। यस्ता खालको पुल निर्माणकै लागि कामपाले चालू आवमा पाँच करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। महानगरले बनाउन लागेका सार्न मिल्ने पुलमध्ये माइतीघरको पुरातत्व विभाग अगाडि निर्माण शुरु भइसकेको छ। त्यसैगरी चाबहिल र जयबागेश्वरीमा पनि यही महिनाबाटै पुल निर्माण अगाडि बढ्ने कामपाका प्रवक्ता ईश्वरमान डंगोलले बताए।

कामपाले अघिल्लो आर्थिक वर्षमै १० स्थानमा सार्न मिल्ने पुल निर्माण गर्ने बताए पनि हालसम्म तीन ठाउँमा मात्र पुल बन्ने निश्चित भएको हो। आकाशे पुल निर्माणसँगै दुर्घटना न्यूनीकरण र ट्राफिक व्यवस्थापन कार्यमा ठूलो सहयोग पुग्ने कामपाले जनाएको छ। नयाँ बन्ने पुल एक ठाउँबाट अर्को ठाउँमा आवश्यकताअनुसार सजिलै स्थानान्तरण गर्न सकिनेछ। यस्तो पुल पहिलो पटक बन्न लागेको हो। यसअघि परीक्षणका रूपमा पुरानो बसपार्क अगाडि स्थानान्तरण गर्न मिल्ने पुल बनेको थियो। कामपाभित्र सुन्धारा, नयाँ सडक, वीर अस्पताल, रत्नपार्क-भोटाहिटी, जमल, रत्नपार्क-बागबजार, पुरानो बसपार्क, भद्रकाली र नयाँ बसपार्कमा आकाशे पुल चालू छन्। रत्नपार्कमा एउटा सब-वे छ।

भद्रकाली, पुरानो बसपार्क र नयाँ बसपार्कमा केही वर्षअघि निर्माण गरिएको पुल मर्मत गर्न नपर्ने अवस्थामा छन्। अन्य स्थानका पुल तत्काल मर्मत गर्नुपर्ने अवस्थामा रहेको कामपा आफैँले स्वीकारेको छ। काठमाडौं उपत्यकामा नयाँ र पुराना गरी ३० वटा आकाशे पुल रहेका छन्।

# नेविसंघका अध्यक्षमा राजिव ढुंगाना

**काठमाडौं/मस-** नेपाली काँग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघका केन्द्रीय अध्यक्षमा सुनसरीका राजिव ढुंगाना मनोनित भएका छन्। काँग्रेस पार्टी सभापति शेरबहादुर देउवाले रिक्त रहेको 'नेपाल विद्यार्थी संघ केन्द्रीय तदर्थ कार्यसमिति' गठन गरेका हुन्। पार्टीको २०७५ साल फागुन १ गतेको केन्द्रीय कार्यसमिति बैठकको निर्णयअनुसार पार्टी सभापति देउवाले ढुंगानालाई मनोनित गरेका हुन्।



विसं २०४६ मा नेविसंघको जिल्ला सदस्यबाट नेविसंघको राजनीति शुरु गरेका ढुंगानाले यसअघि नेविसंघको केन्द्रीय सदस्य, कोषाध्यक्ष र उपाध्यक्षको जिम्मेवारी निर्वाह गरिसकेका छन्। तदर्थ समितिको महामन्त्रीमा काठमाडौँका मनोज वैद्य र पाल्पाका महेश्वरी कुँवर रहेको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। कार्यसमितिलाई छ महिनाभित्र नेविसंघको आगामी १२ औं केन्द्रीय अधिवेशन सम्पन्न गर्नुपर्ने जिम्मेवारी तोकिएको छ।

तदर्थ कार्यसमितिमा रहेका पदाधिकारी र सदस्य आगामी केन्द्रीय अधिवेशनमा उम्मेदवार हुन पाउने छैनन् भने यस अघि कायम रहेको नेविसंघ केन्द्रीय कार्य समिति विघटन भएको मिति २०७५ साल माघ २९ गतेसम्म ३२ वर्ष उमेर ननाघेका विद्यार्थीहरूले नेविसंघको आगामी १२ औं अधिवेशनमा भाग लिन पाउने छन्। नेविसंघ तदर्थ कार्यसमितिका बाँकी पदाधिकारी र सदस्यहरूको मनोनयन यथाशीघ्र गरिने पार्टी कार्यालयले जनाएको छ।

## गाँजा...

भने जस्तो गरिब जनताले खेती गर्न पाउने र आर्थिक समृद्धि आउने कुरा सत्य नहुने बताउँछन्। नेपाल प्रहरीका पूर्व नायव महानिरिक्षक हेमन्त मल्ल भन्छन्, 'हामीले अहिले के सोचिरहेका छौँ भने गाँजालाई कानुनी बनाएपछि धमाधम खेती गरेर निर्यात गर्न पाइन्छ र त्यसबाट ठूलो आर्थिक लाभ हुनेछ। तर यो सही कुरा होइन। कानुनी बनाए पनि ठूलो आर्थिक लाभ हासिल हुन गाह्रो छ।'

उनका अनुसार गाँजालाई खुला गरेका देशहरूमा पनि नियन्त्रित रूपमा मात्र यसको खेती हुने गरेको छ। गाँजा खेतीको निगरानीका लागि छुट्टै अन्तर्राष्ट्रिय व्यवस्थाहरू रहेको उनी बताउँछन्। त्यसरी नियन्त्रित रूपमा गरिने खेतीका पनि उद्देश्यहरू तय गरिएको हुने उनको अनुभव छ।

'स्वीकृति लिएर खेती गरियो भने पनि त्यसको दुरुपयोग नहुने गरी व्यवस्थापन गर्न निकै चुनौतीपूर्ण देखिन्छ। त्यसका लागि हाम्रा संयन्त्रहरू कति बलिया छन् भन्ने पनि हेर्नु पर्छ।' मल्लले भने।

आयुर्वेदिक चिकित्सक र औषधि उत्पादकहरू भने औषधिमा प्रयोग गर्नका लागि नियन्त्रित खेती गर्न दिनुपर्ने बताउँछन्। अहिले पनि औषधिमा गाँजाको प्रयोग गर्न पूर्णरूपमा नरोकिएको भए पनि गाँजालाई गैरकानुनी बनाइएपछि कतिपय औषधिको उत्पादन नै बन्द भएको उनीहरू बताउँछन्। सिंहदरवार वैद्यखाना विकास समितिका उत्पादन अधिकृत डा. विनोद शाहका अनुसार वैद्यखानाले लागुऔषध (नियन्त्रण) ऐन २०३३ लागू भएपछि गाँजाको प्रयोग हुने केही औषधि उत्पादन रोकेको थियो। उनका अनुसार रातोबरी, जातीफलाडी चूर्ण र मदनानन्द मोदक औषधिमा गाँजा र भाङको प्रयोग हुने गर्थ्यो।

## डेढ...

थिए। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक रवीन्द्र पौडेलले भने प्रहरी नायब उपरीक्षक चन्दको काज सरुवा नभएको बताए।

प्रहरी स्रोतका अनुसार घटनाको अनुसन्धानकै लागि प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको सचिवालयबाट केही दिनअघि मात्रै प्रहरी नायब उपरीक्षक गौतम केसीसहित प्रहरी अधिकृत भीमदत्तनगर पुगेर अुनसन्धानमा सक्रिय भएका छन्। उक्त प्रकरणपछि दुई जना जिल्ला प्रहरी कार्यालय प्रमुखको पनि सरुवा भइसकेको छ।

विसं २०७५ भदौ ४ गते सार्वजनिक हत्या अभियुक्त भन्दै सार्वजनिक गरिएका कञ्चनपुरको भीमदत्तनगरपालिका-१९ बागफाँटाका मानसिक अवस्था ठीक नभएका दिलीपसिंह विष्टलाई प्रहरीले पुनः गहन अनुसन्धान घेरामा राखेको छ। पक्राउ परेको केही सातापछि अभियुक्त भनी सार्वजनिक गरिएका विष्टको डिएन नमिलेपछि सरकारी वकिल कार्यालयबाट साधारण तारेखमा रिहा भएका थिए।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका पूर्वप्रमुखसमेत रहेका डिएनए विशेषज्ञ जीवनप्रसाद रिजाल नेतृत्वमा गठित छानबिन समितिले डिएनएको नमूना परीक्षणमै त्रुटि भएकाले सो घटनामा डिएनएबाट दोषी पत्ता नलाग्ने निष्कर्ष चार महिनाअघि गृहमन्त्रालयलाई दिएको थियो। डिएनए परीक्षणमै त्रुटि भएको ठहर भएपछि परिस्थिति प्रमाणलाई आधार बनाएर प्रहरीले अनुसन्धान अघि बढाइरहँदा शंकाको सुई फेरि यसअघि सार्वजनिक गरिएका विष्टमाथि रहेको छ।

झण्डै दुई महिनायता प्रहरीको टोलीले दिलीपसिंह विष्टलाई नै अभियुक्त बनाएर अभियोजन सरकार वकिल कार्यालय कञ्चनपुर लैजान चाहे पनि बाह्य परिस्थितिले रोकिएको प्रहरी स्रोतको भनाइ छ। "भिडियो क्लिपकै आधारमा दिलीपलाई पक्राउ गरेर प्रक्रिया अघि बढाउन सकिन्न भन्ने सरकारी वकिलको जवाफपछि प्रहरी पछि हटेको हो।" प्रहरी स्रोतले भन्यो, "दिलीप पक्राउ गर्न केन्द्रबाटै दबाब पनि छ।"

गत भदौ तेस्रो साता निर्मलाका आमा दुर्गादेवी पन्तले पनि दिलीपसिंह विष्टको नाममा किटानी जाहेरी दिए पनि सुनुवाइ भएको छैन। यसअघिकै जसरी सरकारी वकिलले विष्टलाई प्रमाण नपुगेको भन्दै छाडेपछिको अवस्था के हुने भन्ने चिन्ता अनुसन्धानमा खटिएका प्रहरी अधिकृत वृत्तमा छ।

## मालपोतका..

भन्दै उजुरी परेपछि अख्तियारले अनुसन्धान थालेको थियो।

बस्नेत २०४५ सालमा मालपोतका कार्यालय सहयोगीको रूपमा सेवा प्रवेश गरेका थिए। उनले सेवा प्रवेश गरेदेखि गत वर्षको अवधिमा यत्रौ सम्पत्ति आर्जन गरेका हुन्। पारिश्रमिक, बचत, आय, घरजग्गा बिक्री, सवार ीसाधन बिक्री र विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा र आमा टुकुकुमारी बस्नेतको पेन्सन बचत समेत हिसाब गर्दा उनको परिवारको वैध आय जम्मा ७४ लाख ७३ हजार देखिएको हो।

निज मालपोत कार्यालय चावहिलमा कार्यरत रहँदा नक्कली रसिद काट्ने, नगद असुल गर्ने तर, राजस्व दाखिला नगर्ने लगायतका गैरकानुनी काम गरेको भन्दै गत वर्ष पनि विशेष अदालतमा मुद्दा परेको थियो। त्यतिखेरै उजुरीको क्रममा अख्तियारले नियन्त्रणमा लिँदा ११ लाख रूपैयाँ बरामद गरेको थियो। आफू तथा आफ्नो परिवारका सदस्यहरु लगायत अन्य भतिजा नाताका व्यक्ति समेतका नाममा उनले जग्गा, सवारी साधन, व्यवसाय लगायतका विभिन्न शीर्षकहरू खर्च र लगानी गरेका थिए।

उनले श्रीमती सीता बस्नेतको नाममा ६ करोड ७४ लाखको घरजग्गा किनेको र आमाको जग्गामा ६२ लाख ९० हजारको घर बनाएको अख्तियारले जनाएको छ। उनले ३९ लाख ७६ हजार त सापटी लिएको चुक्ता गरेका छन्, ५ लाखको बीमा गरेका छन्। उनले अंशियारलाई अंशबापत १५ लाख दिएका छन्। त्यस्तै ३७ लाख ३१ हजार रूपैयाँ सवारी साधनमा र छोरा छोरीको शिक्षादिक्षामा १७ लाख ८६ हजार खर्च गरेका छन्। उनको परिवारको नाममा विभिन्न बैंकहरूमा ५ लाख रूपैयाँ देखिन्छ। त्यस्तै उनले आफ्नी श्रीमतीको बैंकखाताबाट भतिज कृपा बस्नेतलाई १ करोड पठाएको पनि अख्तियारको अनुसन्धानले देखाएको छ।

## मन्त्रिपरिषदका...

नक्सारश्रेस्ता पुर्नस्थापना कार्यक्रमका लागि संखुवासभाको चैनपुरमा अस्थायी रूपमा विशेष नापी कार्यालय स्थापना गर्ने निर्णय गरिएको छ। त्यस्तै अछाम जिल्लामा द्वन्द्वबाट क्षति भएका नक्सारश्रेस्ता पुनर्स्थापना गर्न स्थापना गरिएको विशेष नापी कार्यालय, अछामको कार्य सम्पन्न भइसकेकाले सो कार्यालय खारेज गरिएको छ।

५. सैनिक ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

६. अन्नपूर्ण संरक्षण क्षेत्रको व्यवस्थापनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई एक वर्षको म्याद थप गरिएको छ।

७. विश्वविद्यालय अनुदान आयोगको रिक्त सदस्य पदमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटा र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. रामकण्ठ माकजु श्रेष्ठलाई मनोनयन गरिएको छ।

८. नेपालटार जग्गा एकीकरण आयोजना फिदिमका लागि फिदिम नगरपालिका वडा नं. २ को १२३.३४ रोपनी जग्गा, जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम प्राप्त गर्न स्वीकृति दिइएको छ।

९. बि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालन समितिको अध्यक्षमा सोरहवा-१, बर्दिया निवासी डा. निर्मल लामिछानेलाई ती वर्ष पदावधि रहने गरी मनोनयन गरिएको छ।

१०. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

११. अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

१२. अध्यागमन सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

१३. तथ्यांक सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

१४. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६ संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

१५. प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

१६. नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

१७. नेपाल हवाइ सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिइएको छ।

## साउदीस्थित...

नेपाली दूतावासहरुले सहज सेवा नदिएपछि वैदेशिक रोजगार व्यवसायीहरुले प्रमाणीकरण गरिएको डिमाण्ड कुरियर मार्फत् नेपाल ल्याई आफैले डिजिटल हस्ताक्षर गरी प्रमाणित गरेर प्रणालीमा अपलोड गर्ने गरेका छन्। शुन्य लागतमा कामदार पठाउनुपर्ने कानूनी वाध्यतामा रहेका व्यवसायीहरुले डिजिटल हस्ताक्षरको डिभाईसका लागि शुरुमा ५ हजार ६ सय रुपैयाँ लगानी गरी खरीद गरेर प्रत्येक वर्ष ५ हजार रुपैयाँ तिरेर सर्टिफिकेट र डिभाईस नवीकरण गर्नुपर्ने वाध्यतामा रहेका छन्। व्यवसायीहरुले आफैले डिजिटल हस्ताक्षर गरी अपलोड गरेका मागपत्रमा स्क्यानिङ गर्दा प्रष्टसँग कलर नआएको भन्दै थप समस्या सिर्जना गरिएको समेत दावी गरेका छन्।

यस अतिरिक्त साउदी अरबस्थित नेपाली दूतावासले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार साउदी अरबमा रोजगारीका लागि जाने नेपाली श्रमिकहरुका लागि न्यूनतम पारिश्रमिक कार्यान्वयनमा सघाउन समेत व्यवसायीहरुलाई आग्रह गरेको छ।

# आर्थिक अभाव हुँदा उपचार गर्न समस्या

**काठमाडौं/१६ मस-** आर्थिक अभावमा चितवन भरतपुर-१६ का सुजल पियाको उपचारमा समस्या देखिएको छ। १३ वर्षीय सुजलको दायाँ खुट्टामा बोन क्यान्सर देखिएको थियो। दुई वर्षअघि पनि उनको उपचार गरिएको थियो। त्यो समय ५० लाख बढी खर्च भएको थियो। फेरि खुट्टामा समस्या देखिएको आर्थिक अभाव हुँदा सुजलको परिवार समस्यामा परेको छ।

११ वर्षको उमेरमा एक्कासी खुट्टा दुखेपछि उनलाई अस्पताल लगिएको थियो। परीक्षणका क्रममा उनको खुट्टामा बोन क्यान्सर पत्ता लागेको थियो। भारतको नयाँ दिल्लीस्थित राजिवगान्धी क्यान्सर हस्पिटलमा उनको उपचार गरिएको थियो। ९ महिनासम्म अस्पतालमै बसेर उपचार गराएर उनी केही समयअघि घर फर्किएका थिए। घर फर्किएको केही समयपछि फेरि खुट्टा दुख्न थालेपछि पुनः परीक्षण गरिएको थियो। पुनः परीक्षणको क्रममा खुट्ट्मा राखिएको स्टिल अलग भएको थियो।

अब उनको पुनः अप्रेशन गर्नुपर्ने छ। त्यसका लागि १० देखि १२ लाख रुपैयाँ खर्च लाग्ने चिकित्सकहरूले बताएका छन्। यसअघि पहिलो पटक उपचार गराउँदा झण्डै ५० लाख रुपैयाँ खर्च भइसकेको र अब बाँकी उपचार गराउन आर्थिक अभाव भएको सुजलकी आमा रुपा पियाले जानकारी दिइन्।

'सानै उमेरदेखि खुट्टा दुख्यो भनिरहन्थ्यो। सामान्य होला भनेर मालिस गरिन्थ्यो। र ठीक हुन्थ्यो। तर, ११ वर्षको हुँदा एकाएक खुट्टा सुन्नियो। त्यसपछि चितवनका विभिन्न अस्पतालमा देखायौं। त्यही बोन क्यान्सर देखियो। राम्रो हस्पितल भनेर दिल्ली लगियो। ९ महिना अस्पतालमै बसेर उपचार गरियो। झण्डै ५० लाख रुपैयाँ खर्च भयो। निको भएर आएका थियौं।' रुपाले भनिन्।

सुजल पिया परिवारको एक्लो सन्तान हुन्। पिया परिवारले छोराको उपचारका लागि जग्गा पनि बेचे। त्यसपछि बाँकी रहेको घर जग्गा पनि बैंकमा धितो राखेर ऋण निकालेका थिए। उनीहरूले निकालेको २० लाख रुपैयाँ ऋण त पहिलो पटक उपचार गराउँदा निकालेको ऋण तिर्नमै सकियो।

अब थप उपचारको गराउन समस्या भएकाले पिया परिवारले सहयोगको अपिल गरेका छन्।

सानैदेखि तेक्वान्दो खेल्दै आएका सुजल यतिबेला भने अरुले खेलेको हेरेर चित्त बुझाउँदै आएका छन्। उनी यता उता हिडडुँल गर्न सक्दैनन्। ठूलो बनेर तेक्वान्दो खेलाडी बन्ने उनको सपना बोन क्यान्सरले चकनाचुर पारिदिएको छ।

दिल्लीमा उपचारपछि डाक्टरले फुटबल समेत खेल्न सक्ने भएको दाबी गरेका थिए। तर, सामान्य हिडडुल गराउँदा नै छोराको खुट्टामा राखिएको स्टिल अलग भएपछि पिया परिवार पीडामा परेका छन्।

उनलाई आर्थिक सहयोग गर्नका लागि एनएमबी बैंक नारायणगढ शाखामा रहेको सुजल पियाको बैंक खाता नम्बरः ०२४००८१० ९५२००११ मा आर्थिक सहयोग गर्न सकिनेछ।

# 'सहिदहरुले कल्पना गरेको वास्तविक प्रजातनत्रको स्थापना अझै भएन'

**काठमाडौं/मस-** नेपाल समाजवादी कंग्रेसका अध्यक्ष गोविन्द निरौलाले सहिदहरुले कल्पना गरेको वास्तविक प्रजातनत्रको स्थापना अझै नभएको बताएका छन्। ८० औं राष्ट्रिय सहिद दिवसको उपलक्ष्यमा सहिदगेटमा समाजवादी कंग्रेस सहित संयुक्त आन्दोलन समूहले आयोजना गरेको श्रद्धाञ्जली सभामा अध्यक्ष निरौलाले सो कुरा बताएका हुन्।

उनले संवैधानिक प्रजातन्त्र र हिन्दुराज्यको स्थापन गर्न पहल गर्ने प्रतिबद्धता जनाउँदै नागरिक प्रजातन्त्रको माध्यमबाट राष्ट्रिय समृद्धि प्राप्त गर्ने अठोटका साथ राष्ट्रिय एकताको निम्ति सबैलाई आह्वान गरे।

सो कार्यक्रममा उक्त पार्टीका केन्द्रीय सचीव मानबहादुर गुरुङ साथै केन्द्रीय नेताहरु तथा ने.क.पा मालेका सि.पी. मैनाली समेतको उपस्थिति थियो।

## नेकपाको केन्द्रीय समिति
# 'ठेकेदारबाट पार्टी जोगाउ'

मध्यान्ह संवाददाता
काठमाडौं, १६ माघ

काठमाडौं- नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अधिकांश केन्द्रीय सदस्यहरुले ठेकेदारबाट पार्टीलाई जोगाउन माग गरेका छन् । बुधबारदेखि सुरु भएको नेकपाको कन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकको समूहगत छलफलका क्रममा केन्द्रीय सदस्यहरुले निर्वाचन प्रणाली अत्यन्तै महँगो भएको र पैसा हुनेले मात्रै चुनाव जित्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताएका हुन् ।




समूह दुईमा रहेका केन्द्रीय कमिटी सदस्य केदार न्यौपानेले भने, 'पार्टीलाई व्यापारिक घरानाबाट समयमै बचाऔं ।' नेकपा नेतृत्वको सम्बन्ध व्यापारिकसँग भएको सार्वजनिक भइरहेका बेला उनीहरुले यस्तो माग गरेका हुन् ।

यता, बैठकमा अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेश गरेको राजनीतिक प्रतिवेदन तथा महासचिव विष्णु पौडेलले पेश गरेको संगठनात्मक र विधान संशोधन प्रस्तावमाथि बिहीबारबाट समुहगत छलफल सुरु भएको छ । केन्द्रीय सदस्यहरु धेरै भएपछि नेकपाले प्रतिवेदनहरुमाथि समुहमा छलफल चलाएको हो । बैठकको दोस्रो दिन १५ समूहले राजनीतिक प्रतिवेदनमा छलफल गरेका हुन् । टोली नम्बर १ देखि ८ सम्मका समूह टोलीले राष्ट्रियसभा गृहमा छलफलमा सहभागी भएका हुन् भने ९ देखि ११ नम्बर समूह तत्कालीन माओवादीको पार्टी कार्यालय पेरिस डाँडामा र १२ देखि १५ नम्बर समूह पार्टी कार्यालय धुम्बाराहीमा छलफलमा जुटेका हुन् । प्रतिवेदनमाथि छलफल सुरु गर्नुअघि टोली नेता चयन गरिएको हो ।

नम्बर १ समुहमा दुई टोली नेता छानिएका छन् भने १० नम्बर समूहमा ५ जना टोली नेता बनेका छन् । एक नम्बरमा उर्मिला अर्याल र आनन्द पोखरेल तथा १० नम्बरमा युवराज ज्ञवाली, महेश बस्नेत, यज्ञराज सुनुवार, महबुज अन्सारी र यशोदा अधिकारी टोली नेता छानिएका छन् ।

यसैबीच, नेकपामा अबदेखि दुई जना बरिष्ठ नेता हुनेछन् । केन्द्रीय समिति बैठकमा महासचिव पौडेलले पेश गरेको विधान संशोधन प्रस्तावमा नेकपामा दुई बरिष्ठ नेता राख्न प्रस्ताव गरिएको छ । यसअघि नेकपामा एकजनामात्रै बरिष्ठ रहेका थिए । बरिष्ठ नेता को हुने भन्नेमा सो पार्टीमा विवाद नै भएको थियो ।

विवादपछि नेता झलनाथ खनालले बरिष्ठको पद पाएका थिए । त्यस्तै पौडेलको प्रस्तावमा उपाध्यक्षको समेत व्यवस्था गरिएको छ । प्रस्तावित विधान संशोधन प्रस्तावमा विधानको 'धारा १८ (घ) १ को साविक व्यवस्थाको सट्टा दुई अध्यक्ष, दुई बरिष्ठ नेता, एक उपाध्यक्ष, एक प्रवक्ता र महासचिवसहित ४४१ सदस्यीय कमिटी भन्ने उल्लेख गर्ने' प्रस्ताव गरिएको छ । यो प्रस्ताव पास भए अबदेखि नेकपामा दुई अध्यक्षसहित दुई बरिष्ठ नेता रहनेछन् । जसमा नेता माधव नेपाल थपिने निश्चित जस्तै छ ।

## 'मानवअधिकारको अवस्था सन्तोषजनक देखिएन'

**काठमाडौं/मस-** एम्नेस्टी इन्टरनेशनल नेपालले सन् २०१९ मा मानवअधिकारको अवस्था सन्तोषजनक नभएको प्रतिवेदन सार्वजनिक गरेको छ । एशिया प्रशान्त क्षेत्रमा सन् २०१९ मा मानवअधिकारको अवस्था विषयक प्रतिवेदनमा विस्तृत शान्ति सम्झौता भएको १३ वर्ष बितिसक्दा पनि दशक लामो सशस्त्र द्वन्द्वकालका पीडितलाई सत्य, न्याय र परिपूरण उपलब्ध गराउने प्रतिबद्धता निरासलाग्दो भएको उल्लेख छ ।

द्वन्द्वकालमा सरकारी सुरक्षा निकाय र माओवादी सशस्त्र समूहबाट भएको मानवअधिकार उल्लंघन र ज्यादतीसम्बन्धी सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग उजुरीको गम्भीरतालाई ध्यानमा राखी नयाँ आयुक्त नियुक्त गर्न पनि सरकार विफल भएको प्रतिवेदनमा उल्लेख छ । तर अहिले दुवै आयोगमा पदाधिकारी नियुक्ति भइसकेका छन् ।

संक्रमणकालीन न्यायका लागि सर्वोच्च अदालतले दिएको आदेश, अन्तर्राष्ट्रिय सन्धि-सम्झौताअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन हुन नसकेको प्रतिवेदनमा छ । प्रतिवेदनमा हरेक वर्ष हजारौं नेपाली कामका लागि देश छाडी विदेश जाने गरेका तर ती आप्रवासी श्रमिकलाई शोषणपूर्ण भर्ना अभ्यासबाट संरक्षण प्रदान नगरिएको उल्लेख छ ।

चार वर्ष अगाडि सरकारले सम्भावित रोजगारी मुलुकमा जानका लागि आवश्यक प्रवेशाज्ञा र टिकट खर्च आप्रवासी श्रमिकले व्यहोर्न नपर्ने सुनिश्चित गर्न एउटा नीति घोषणा गरेको थियो । तर अहिलेसम्म पनि यो नीतिलाई राम्रोसँग लागू गर्न नसक्दा श्रमिक चर्को शुल्क तिरेर विदेश जान बाध्य हुनुपरेको उक्त प्रतिवेदनमा उल्लेख छ ।

सन् २०१९ मा नेपालमा विद्युतीय कारोवार ऐन २०६३ जस्ता कानूनलाई प्रयोग गरी पत्रकार र कलाकारलाई स्वेच्छाचारीरूपमा पक्राउ गर्न प्रयोग गरिएको र सरकारले अभिव्यक्ति स्वतन्त्रतामाथि थप बन्देज लगाउने खालका तीन नयाँ विधेयकमा मिडिया काउन्सिल विधेयक, आमसञ्चार विधेयक र सूचना प्रविधि विधेयक प्रस्ताव गरेको प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनमा सरकारले राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रतालाई कमजोर पार्ने खालको संशोधन विधेयक पनि प्रस्ताव गरेको र मन्त्रिपरिषद्ले नागरिक समाज संघसंस्थाको गतिविधिमा बन्देज लगाई ती माथि कडा अनुगमन गर्ने प्रावधानसहितको कानूनको पनि प्रस्ताव गरेको एम्नेस्टी इन्टरनेशनल नेपालका निर्देशक नीराजन थपलियाले जानकारी दिए ।

## सहिदप्रति सम्मान गर्दै कविता वाचन



राजन बस्नेत/मध्यान्ह
दोलखा, १६ माघ

सहिद दिवसको अवसर पारेर नेपाली लेखक संघ दोलखा शाखाले 'कविता बाचन तथा शहिदको सपना र वर्तमान' विषयक अन्तरक्रिया कार्यक्रम सदरमुकाम चरिकोटको खबरदार डाँडामा सम्पन्न गरेको छ । समृद्ध देशका सुखी नागरिक बनाउने सपना बोकेर आफ्नो जीवन आहुति दिने सहिदहरुले कोरे बाटोलाई राजमार्ग बनाउने अभियानमा हिँडेको अधिकांश कविताका भावहरुले प्रष्ट्याएका थिए ।

कविहरुले सहिदकी आमालाई दोसल्ला ओढाएर उनको मुहार उज्यालो हुन नसक्ने यथार्थको चित्रण गर्दै सहिदको रगतको सम्मान सरकारले नगरेको समेत आरोप लगाएका थिए । दिवसको दिन दिएको दोसल्ला रात दिन आँसु पुछ्दा च्यातिएकोले आमाको मुहार हसाउन ब्याङग्यात्मक रुपमा कविहरुले सरकारसँग आग्रह गरे । सहिदको सपना सकार पार्न कविताको माध्यम द्वारा सम्पूर्ण राजनैतिक दलहरुलाई कविहरुले अपिल समेत गरेका छन् ।

कवि मान बहादुर खड्काले छोरी गुमाएकी आमाको मुहारमा उज्योलो नआएको पीडा कविता मार्फत बोध गराएका थिए । कवि मुरारी दुलालले सहिदहरुले कोरे बाटोलाई राजमार्ग बनाउने अभियानमा कविहरु लागेको बताए ।

कवि डम्बर प्रसाद चौलागाईंले सहिदको रगतले लत्पतिएको स्थान पनि सरकाले पखाल्न नसकेको आक्रोश ब्याङग्यात्मक शैलिमा व्यक्त गरे । सहिदका सुन्दर सपनालाई ख्याल ख्याल सम्झेर देश भक्त नेपालीलाई पीडा दिएको आक्षेप कविता मार्फत नवउदयमान कवि लक्ष्मण गुभाजु, कवि राजन बस्नेत र कवियत्री मेनुका चौलागाईंले लगाएका थिए ।

कला, साहित्यका धरोहर, लोकप्रिय गायक एवं नेपाली कांग्रेसका नेता केशवराज चौलागाईंको प्रमुख आतिथ्यतामा कविता बाचन तथा सहिदको सपना र वर्तमान' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

## सामाजवादीको शुदृढीकरण आभियानमा वडाध्यक्ष प्रवेश

इमरान खान/मध्यान्ह
कपिलवस्तु, १६ माघ

सामाजवादी पार्टी कपिलवस्तुले तौलिहवामा अयोजना गरेको पार्टी शुद्धिकरण आभियानमा मायादेवी गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष सहित १ जना कार्यपालिका सदस्य प्रवेश गरेका छन् । वडा नं. २ का वडा अध्यक्ष सरफुद्दिन मुसलमान, मायादेवी गाउँकार्यपालिका सदस्य महेन्द्र धोवी र ४ जना वडा सदस्यहरु प्रवेश गरेको नव प्रवेशी मुसलमानले जानकारी दिए ।

समाजवादीले मुसालमानलाई पार्टीको जिल्ला उपाध्यक्षको जिम्मेवारी समेत दिएको जिल्ला अध्यक्ष शैलेन्द्र कुमार यादवले जानकारी दिएका छन् । पार्टी शुदृढीकरण कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय सदस्य तथा प्रदेश ५ का ईन्चार्ज दानबहादुर चौधरीले मधेश आन्दोलनले अधिकार सम्पन्न संघीयता, पहिचानमा आधारित राज्य र साधन स्रोत सम्पन्न प्रदेश मागेपनि अहिलेको संघीयताले ती मुद्दाहरुलाई सम्बोधन गर्न नसकेको बताए ।

संविधान संशोधन नभएसम्म मधेशी, आदिवासी, जनजाति, दलित, मुस्लिम र महिलाले स्वतन्त्रता अनुभूति गर्न नसक्ने उल्लेख गर्दै चौधरीले त्यसको लागि पनुः संघर्षको आवश्यक्ता रहेकाले पार्टी संगठन विस्तार तथा शुदृढीकरणमा जुटेको बताए ।

यस्तै केन्द्रिय सदस्य तथा प्रदेशको संसदीय दलका नेता सहसराम यादवले पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली लागू नभएसम्म समाजवादको परिकल्पना गर्न नसकिने बताए । यादवले संघीयता विरोधीहरु विभिन्न बहानामा संघीयता समाप्त पार्न षड्यन्त्र गरिरहेको दाबी गरे । यादवले संगठित र अनुशासित बन्दै संघर्षको तयारीमा जुट्न कार्यकर्तालाई अग्रह समेत गरे ।

समाजवादी पार्टीको संगठन विस्तार सुदृढीकरण अभियान अन्तर्गत जिल्लाको यशोधरा गाँउपालिकामा डाक्टर अहमद, बिजयनगरमा राम निवास पुरी, कृष्णनगरमा अकिल अहमद (इसहाक), महाराजगंजमा अजित कुमार सिंह, शिवराजमा कृष्ण कुमार चौधरी, मायादेबीमा कृष्ण नरायण चौधरी, कपिलवस्तु नगरपालिकामा इरफान रजा, बुद्धभुमिमा राम निवास यादव, शुद्धोधनमा मनोज यादव तथा बाणगंगामा चोपलाललाई संगठन विस्तार तथा सुदृढीकरण गर्ने जिम्मेवारी दिइएको छ ।

समाजवादी पार्टी जिल्ला समन्वय समिति कपिलवस्तुका अध्यक्ष शैलेन्द्र कुमार यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पार्टीका केन्द्रिय सदस्य नरायण खनाल, पुर्व मन्त्री दान बहादुर चौधरी, प्रदेश सभा सदस्य सहसराम यादव, राम लौटन तिवारी, अब्दुल रसिद खाँ लगायतका पार्टीका नेताहरुको सहभागिता थियो ।

## चेक किर्ते गर्ने पक्राउ

काठमाडौं/मस- प्रहरीले चेक किर्ते गरी बैंकबाट २० लाख रुपैयाँ निकाल्ने एक जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । महानगरीय प्रहरी परिसर काठमाडौंले बिहीबार पत्रकार सम्मेलन गरी ताहाचल सामुदायीक आवास व्यवस्थापन समाजका कार्यालय सचिव ५६ वर्षिय सन्तोष घिमिरेलाई चेक किर्ते गरेको आरोपमा पक्राउ गरी सार्ववजनिक गरेको हो ।

घिमिरे भोजपुर षडानन्द गाउँपालिका घर भई काठाडौको दक्षीणकाली नगरपालिका वडा नं. ६ मा बस्दै आएका थिए । पत्रकार सम्मेलनमा महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक होविन्द्र वोगटीले घिमिरेले कार्यालय प्रयोजनका लागि सिद्धार्थ बैंक कुलेश्वर शाखाबाट गत पुष ९ गते जारी भएको ६७ हजार ९ सय १६ रुपैयाँको चेकलाई किर्ते गरी २० लाख ६७ हजार ९ सय १७ रुपैयाँ बनाई रकम निकालेको बताए । चेक किर्तेगरी रकम निकालेर फरार भएपछि ताहाचल सामुदायिक आवास व्यवस्थापन समाजले प्रहरीमा उजुरी दिएको थियो ।

यस्तै प्रहरीले मोटरसाइकल चोरी गरी भाग्दै गरेको अवस्थामा रुपन्देही जिल्ला घर भई काठमाडौं बस्दै आएका २७ वर्षका पारस श्रेष्ठलाई पक्राउ गरेको छ । त्यस्तै प्रवक्ता वोगटीले काठमाडौंको नयाँ बसपार्कमा सुनको सिक्री लुटदै गरेको अवस्थामा वाग्लुङ घरभई काठमाडौं बस्दै आएका २४ वर्षिय प्रकाश दर्जीलाई पक्राउ गरी आवश्यक कारबाही भइरहेको बताए । प्रवक्ता वोगटीले आफ्नै साथीको हत्या गरी फरार वंगलादेशी नागरिक पक्राउ गरेको समेत बताए ।

## बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

चितवन/मस- पूर्व पश्चिम राजमार्गअन्तर्गत राप्ती नगरपालिका-४ लक्ष्मीनारायण चोकमा यात्रुबाहक बसले पैदलयात्रीलाई ठक्कर दिँदा एकको मृत्यु भएको छ । अन्दाजी ४० वर्षीय पुरुषको बसको ठक्करबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पोखराबाट वीरगञ्जतर्फ गइरहेको ना ५ ख ३२६ नम्बरको बसले बुधबार पैदलयात्रीलाई ठक्कर दिएको थियो । घाइतेको उपचारका क्रममा भरतपुर अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको नाम, थर र ठेगाना खुल्न नसकेको र बस र चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✔ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# नेतृत्वको उल्टो रथ

एक वर्ष पछाडि नेपाल विद्यार्थी संघले तदर्थ नेतृत्व पाएको छ । गत वर्ष माघ २९ गते विघटन गरिएको नेवि संघको तदर्थ समितिको अध्यक्षको जिम्मेवारी सुनसरीका राजीव ढुंगानालाई दिइएको छ । सभापति शेरबहादुर देउवाले एक अध्यक्ष र दुई महामन्त्री सहित तदर्थ कार्यसमिति गठन गरेका हुन् । दुई महामन्त्रीमा मनोज वैद्य र महेश्वरी कुँवर छन् । तीन पदाधिकारी सहित गठन गरिएको तदर्थ समितिलाई ६ महिनाभित्र १२औं महाधिवेशन गरिसक्नुपर्ने र तदर्थ समितिमा रहेकाले नयाँ नेतृत्वका लागि दावी गर्न नपाइने व्यवस्था समेत गरिएको छ ।

एक वर्षसम्म नेतृत्व विहीन बनेको नेवि संघमा तदर्थ समिति बन्नुले आफैंमा सकारात्मक सन्देश दिएको छ । तर, नयाँ बहस र विवाद पनि शुरू भएको छ । बहसको विषय भने अध्यक्षमा मनोनित ढुंगानाको उमेर हो । ६ महिने नेतृत्वको अवसर पाएका ढुंगाना ४८ वर्ष पुगेका छन् । विद्यार्थीको नेता ४८ वर्षीय प्रौढ हुनुलाई सामान्य मान्न नसकिने भन्दै यसको विरोध भइरहेको छ । केन्द्रीय मूख्यालय सानेपामा तदर्थ समितिका नेताहरूको उमेरकै विषयलाई लिएर गमला हानाहान नै भएको थियो ।

नेवि संघकै कार्यकर्ताले विधान बिपरीत पार्टी निर्णय भएको जनाइरहेका छन् । नेवि संघमा ३२ वर्षे उमेर हद लागू गरिए पनि ४८ वर्ष पुगेकालाई नेता बनाउनु संघकै विधान बिपरीत भएको उनीहरूको तर्क छ । अझ आउने महाधिवेशनमा समेत उमेर हदको प्रावधान नराख्दा विद्यार्थीको राजनीतिमा गैरविद्यार्थी आउने संभावना बढेर गएको छ । पढ्नलाई उमेरले नछेक्ने सत्य भए पनि सामान्यतः ३० वर्ष पुग्दा अधिकांशले पढाइ सक्छन् । तर, उनीहरूको नेतृत्व भने ५० वर्ष हाराहारीका आउनुलाई स्वभाविक मान्न सकिन्न ।

नेवि संघमै ५० वर्षसम्म बस्ने प्रवृत्तिले नेपाली काँग्रेसको नेतृत्वमा त्यो भन्दा बढी उमेरका मात्रै आउने प्रचलन कायम रहन्छ । जबकी ५० हाराहारी पुग्दा सरकारी कर्मचारी भने अवकाशको तरखरमा पुगिसकेका हुन्छन् । नेतृत्व सोंचलाई उमेरले असर नगर्ला । तर, बृद्ध अवस्थाहरू भरिएको नेतृत्वले पार्टीमा सोचे जस्तो उर्जा भने ल्याउन सक्दैन । किनभने, सक्रिय उमेर समुह पार गरिसकेकामा उर्जा कम हुनु प्राकृतिक गुण नै हो । तसर्थ, काँग्रेस नेतृत्वको भागबण्डाका आधारमा नेवि संघबारे गरिएको निर्णयले नेतृत्व विहीनता त तोडिएको छ । तर, उत्साह शुन्यताको बातावरण भने कायमै राख्ने काम गरिएको छ । यसले पार्टी र समाजलाई जिवन्त बनाउन सक्ने त्यति धेरै आशा गर्न सकिन्न ।

## सामाजिक सञ्जाल



वकिल, डाक्टर , नर्स, इन्जिनियर, शिक्षक, चार्टर्ड एकाउन्टेन्ट आदिले लाइसेन्स लिएरै पेशा व्यवसाय गरिरहेका छन् । अब पत्रकारले लाइसेन्स लिनुपर्ने प्रस्तावमा यति धेरै नकारात्मक धारणा किन हो पत्रकार महोदयहरू ? राम्रै हो, जो सक्षम छन् उनीहरू मैदानमा आउँछन्, बाँकी किनारा लाग्छन् ।

- नम्रता ढुंगाना



जे जति सकिन्छ सबैले मिलेर राष्ट्र निर्माणमा लागौं । आफ्नो क्षमता अनुसार सबैले योगदान गरौ हुनेले नहुनेलाई, सक्नेले नसक्नेलाई बिचमा पुगेगाले छेउलागेकालाई अगाडि पुगेकाले पछाडि परेकालाई अगाडि आउन योगदान गरौ मरि लानु केही छैन सबैको कल्याण हुने कर्ममा लागौं जय मातृभुमी जय नेपाल आमा ।

– सुदर्शन सुवेदी माईलो



जबसम्म नेपाल सरकारले कुनै पनि विषयगत रिसर्चमा लगानी गर्दैन तबसम्म देश बन्दैन । चिन, जापान, कोरिया, सिङ्गापोर, अमेरिका जस्ता राष्ट्रमा हजारौं रिसर्च सेन्टरहरू छन् । तिनीहरूका रिसर्चले आफ्नो देशलाई समृद्ध बनाउँदै विश्वलाई नयाँ कुरा दिन सफल भैरहेका छन् । तर हामी...हाम्रो देश...?

– कृतिका थारू

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# न्यून लगानीले खस्कँदो शिक्षाको नतिजा



■ बाबुकाजी कार्की

“शिक्षा एक सामाजिक गतिविधि भएकाले समाजको अपनत्वबिना फस्टाउन सक्दैन । शैक्षिक क्षेत्रमा देखिएका बेथितिमा सुधार ल्याउन सरकार, सरोकार र समुदायबीच सद्भाव, सहयोग र सहकार्यमा मात्रै अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ ।

शिक्षामा गरिएको लगानीको प्रतिफलको औचित्य विद्यार्थीको उपलब्धिस्तरले पुष्टि गर्न सक्नुपर्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले हालै सार्वजनिक गरेको विद्यार्थी उपलब्धि परीक्षणको नतिजा हेर्दा विद्यार्थीले ५० प्रतिशत अंक पनि हासिल गर्न नसकेको कटु सत्य हाम्रो अगाडि छ । शिक्षामा लगानी बढे पनि उपलब्धि नबढ्नु चिन्ताको विषय हो । सामुदायिक र संस्थागत विद्यालयको उपलब्धिस्तरको खाडल उल्लेख्य छ । सरकारी अनुदानमा सञ्चालित सामुदायिक विद्यालयमा ९८ प्रतिशतभन्दा बढी तालिम प्राप्त शिक्षक कार्यरत भए पनि व्यक्तिबाट सञ्चालित थोरै सुविधा र तालिम अप्राप्त शिक्षकहरूले पढाउने संस्थागत विद्यालयको नतिजा उच्च हुनुका कारण के हुन सक्छन् ? खोजिनुपर्छ । सामुदायिक विद्यालयहरू क्रमिक रूपमा विद्यार्थीविहीन हुनुमा को कति जिम्मेवार हुनुपर्छ ? रौंचिरा अध्ययनबाट न्यायोचित निष्कर्ष पुग्नु सकारात्मक कदम हो । सामुदायिक विद्यालयको उपलब्धिस्तर खस्कनुमा विविध कारण हुन सक्छन् । शिक्षामा गरिएको लगानीअनुसारको प्रतिफल प्राप्त गर्ने उपायहरू के-के होलान् ? गहन अध्ययन-अनुसन्धानबाट खुट्याउनुपर्छ । विद्यालयलाई प्रदान गरिने बजेटको आधार काठमाडौं र कालिकोट, मोरङ र मनाङ, मकवानपुर र मुगु, दोलखा र डोल्पालाई एउटै राख्ने विज्ञहरूको व्यावहारिकतालाई के भन्ने ? पीसीएफजस्ता कतिपय शैक्षिक कार्यक्रमहरूले शैक्षिक र आर्थिक बेथितिहरू सिर्जना गरेको अनुभवबाट आगामी दिनमा भविष्यदर्शी योजना बनाउन पाठ सिक्नुपर्छ ।

गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि पर्याप्त लगानी र त्यसको चुस्त व्यवस्थापन पहिलो सर्त हो । विभिन्न अध्ययन-अनुसन्धानले राष्ट्रिय बजेटको २० प्रतिशत पुऱ्याउनुपर्ने सिफारिस गरे तापनि शिक्षाको बजेट बर्सेनि घट्दो क्रममा छ । यस आव ०७५/७६ मा कुल बजेटको १०.२३ अर्थात १ खर्ब ३४ अर्ब ५० करोड ८७ लाख विनियोजन भएको छ । बजेटमा उल्लिखित कार्यक्रमहरूमध्ये २ वर्षमा साक्षर नेपाल, दलितलाई उच्च शिक्षासम्म निःशुल्क, कक्षा ५ सम्म पौष्टिक दिवा खाजा, सबै स्थानीय तहमा प्राविधिक विद्यालय, सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, शिक्षामा स्नातकोत्तर गर्नेहरूलाई सामुदायिक विद्यालयमा इन्टर्नसिप अनिवार्यता, अपांगता भएकालाई आवसीय सुविधासहित ‘शिक्षा, शैक्षिक प्रमाणपत्र धितो राखी ५ प्रतिशत ब्याजदरमा ७ लाखसम्म ऋण विद्यार्थीलाई ल्याऔं, टिकाऔं र सिकाऔं’ नारासहितको अभियान, प्रदेशस्तरमा विशेष शिक्षालगायतका आवासीय विद्यालयको सञ्चालन आदि प्रमुख शैक्षिक कार्यक्रम कार्यान्वयनको प्रभावकारिता भविष्यले देखाउने नै छ ।

नेपालको शिक्षा प्रणाली गुरुकुलदेखि राज्यद्वारा नियन्त्रित अनुदानमा सञ्चालित आजको अवस्थासम्म आउँदा खासगरी विद्यालय शिक्षामा लगानी सम्बन्धमा विभिन्न पद्दति र प्रक्रिया अवलम्बन गरेको पाइन्छ । नयाँ शिक्षा पद्धति योजना, २०२८ भन्दा अगाडि राज्यले निश्चित रकम विद्यालयलाई अनुदान दिने र नपुग रकम स्थानीय स्तरबाट नै संकलन गर्ने व्यवस्था थियो । पञ्चायतकालको उत्तरार्द्धसम्म माध्यमिक तहलाई ५० प्रतिशत, निम्न माध्यमिक तह ७५ प्रतिशत र प्राथमिक तहलाई शतप्रतिशत अनुदान दिने नीति अवलम्बन गरियो । बहुदलीय शासनको प्रादुर्भावपश्चात शिक्षकको तलब-भत्तालगायतका सुविधा तथा अधिकांश शैक्षिक गतिविधि सरकारी अनुदानमा सञ्चालन गर्ने परम्परा कायम हुँदै आएको छ । अहिले शिक्षा बजेटको ७९ प्रतिशत नेपाल सरकार र करिब २१ प्रतिशत वैदेशिक सहयोग रहेको छ । विद्यालय शिक्षामा विनियोजित बजेटमध्ये ७० प्रतिशतको हाराहारीमा शिक्षक तलब भत्तामा खर्च हुन्छ । बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि शैक्षिक सामग्री तथा कक्षा व्यवस्थापनका लागि नगन्य बजेट छुट्याएको पाइन्छ ।

शिक्षा एक सामाजिक गतिविधि भएकाले समाजको अपनत्वबिना फस्टाउन सक्दैन । शैक्षिक क्षेत्रमा देखिएका बेथितिमा सुधार ल्याउन सरकार, सरोकार र समुदायबीच सद्भाव, सहयोग र सहकार्यमा मात्रै अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ । योजना निर्माण, कार्यान्वयन, अनुगमन मूल्यांकन र उपलब्धिको उपभोगमा जनसमुदायको अर्थपूर्ण सक्रिय सहभागिताले मात्र शिक्षण संस्थाको दिगो व्यवस्थापन हुन सक्छ । नेपालको शिक्षामा विविध किसिमका चुनौतीहरू विद्यमान रहेको पाइन्छ । भौतिक संरचनाको व्यवस्थापन, शैक्षिक सामग्रीको उपलब्धता, पाठ्यक्रमको सान्दर्भिकता, वार्षिक शैक्षिक कार्यतालिकाको प्रभावकारिता, शिक्षकको व्यवस्थापन आदिले गुणस्तरीय शिक्षाको विकास र विस्तारमा असर पारिराखेको हुन्छ । सरकारी र निजी क्षेत्रका शिक्षण संस्थाहरूको शैक्षिक उपलब्धिस्तरमा ठूलो खाडल छ । सरकारी अनुदान प्राप्त शिक्षण संस्थाहरू विद्यार्थी संख्या घट्दै गएर उजाड बन्दै छन् भने निजी शिक्षण संस्था फस्टाउँदै गएको अहिलेको तीतो सत्य हो । विद्यार्थी उपलब्धिस्तर हेर्ने हो भने सरकारको लगानी बालुवामा पानी भएको छ । सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी मिलान, समयमा पाठ्यपुस्तकको उपलब्धता, भौतिक साधनस्रोतको पर्याप्तता आदिको वैज्ञानिक र न्यायोचित वितरण नभएको सदाबहार गुनासो सरकारप्रति रहँदै आएको छ ।

शिक्षामा गरिएको लगानी सार्थक बनाउन विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउनुपर्ने, आर्थिक कारोबारलगायत शैक्षिक नेतृत्वको लागि तीनवर्षे कार्यकाल रहेको व्यवस्थापन समितिलाई भन्दा पनि योग्य र उत्साही प्रधानाध्यापक छनोट गरी जवाफदेही बनाइनुपर्छ । सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षण पारदर्शी र वस्तुनिष्ठ बनाउनुपर्ने, विद्यालयमा निकासा हुने बजेट शीर्षक र रकम पारदर्शी रूपमा सार्वजनिक गरिनुपर्ने तथा दरबन्दी मिलान र विद्यालय मर्ज नीतिलाई निष्पक्षतापूर्वक कार्यान्वयन गरी शैक्षिक क्षतिलाई न्यूनीकरण गर्नु आवश्यक छ । निःशुल्क विद्यालय शिक्षाको परिभाषालाई स्पष्ट व्याख्या गरिनुपर्छ । सामुदायिक विद्यालयको उपलब्धिस्तर तथा विद्यार्थी संख्याको आधारमा पर्याप्त बजेट निकासा गरिनुपर्छ । पर्याप्त दरबन्दी हुँदा पनि आफ्नो मानिसलाई जागिर खुवाउने उद्देश्यले निजी स्रोतमा शिक्षक भर्ना तथा अन्य फजुल खर्च गर्न विद्यार्थीबाट शुल्क उठाउने प्रवृत्तिलाई निरुत्साहित गरिनु पर्छ । दूरदर्शी शैक्षिक नेतृत्व, चुस्त व्यवस्थापन, समर्पित शिक्षक, अनुशासित विद्यार्थी, सचेत अभिभावक, समसामयिक शिक्षानीति तथा पाठ्यक्रममा मात्र लगानी अनुसार उन्नत शैक्षिक प्रतिफलको अपेक्षा गर्न सकिन्छ । सामुदायिक विद्यालय सबल बनाउँदै गुणस्तरीय शिक्षा आर्जन गर्ने उत्कृष्ट शिक्षण संस्थाका रूपमा विकास गर्न पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, जवाफदेहिता, विद्यार्थी उपलब्धिस्तरका आधारमा निष्पक्ष पुरस्कार र दण्डको व्यवस्था आदिलाई आधारभूत सर्तका रूपमा लिन सकिन्छ । अर्कातर्फ शिक्षक दरबन्दी पूरा भएको, भौतिक संरचना पर्याप्त रहेको विद्यालयमा भन्दा शिक्षक दरबन्दी कम तथा स्थानीय स्तरबाट स्रोत जुटाएर सञ्चालित सामुदायिक विद्यालयको उपलब्धिस्तर उच्च भएका उदाहरण धेरै पाइन्छ । विद्यार्थी र शिक्षक अनुपात न्यून विद्यालयबाट अधिक अनुपात भएका विद्यालयमा शिक्षक दरबन्दी मिलान गर्ने नीति राजनीतिक हस्तक्षेपका कारण कागजमा मात्रै सीमित भएको छ ।

# सिन्धुलीगढी संरक्षण गर्ने कि सहरीकरण ?

**२०५२ साल फागुन १ गते रोल्पा र सिन्धुलीगढीमा रहेको प्रहरी चौकीमा एकसाथ आक्रमण गरेर तत्कालीन माओवादीले जनयुद्धको सुरूवात गऱ्यो ।**



भुवन थापा

सिन्धुलीगढी नेपाली स्वाभिमानको प्रतीकमात्र नभई आधुनिक नेपालका लागि गर्विलो इतिहास बोकेको स्थल पनि हो । अर्थात सिन्धुलीगढी नेपाल-अंग्रेज युद्धको जीवित दस्तावेज हो । नेपालको ऐतिहासिक राष्ट्रिय पहिचान बोकेको तथा विदेशी हमलालाई परास्त गराई राष्ट्रिय स्वाभिमानलाई सधैं उँचो बनाएको सिन्धुलीगढीले आधुनिक नेपालको निर्माणमा उत्तिकै महत्वपूर्ण योगदान बोकेको छ । वि. सं. १८२४ मा इस्ट इन्डिया कम्पनीका कप्तान किललोकको नेतृत्वमा नेपाल कब्जा गर्न आएको २४ सय अंग्रेज फौजलाई सिन्धुलीगढीमा गोर्खाली सेनाले घरायसी हतियारबाटै पराजित गरेका थिए, जबकि बेलायती सेनासँग अत्याधुनिक हातहतियारसमेत रहेको थियो ।

संसारभर आफ्नो साम्राज्य जन्माउँदै हिँडेका अंग्रेजले सिन्धुलीगढीमा पहिलो पटक गोर्खाली सेनासँगै हार बेहोर्नु परेको थियो । सोही कारण नेपालीको शीर सधैं उच्च छ र नेपालले आजसम्म स्वाभिमानी राष्ट्रका रुपमा यस क्षेत्रमा आफूलाई चिनाउँदै आएको छ । सिन्धुलीगढीमा नेपाली सेनाले प्राप्त गरेको सफलताकै कारण नेपालले विश्व इतिहासमा सुनौलो अक्षर कोर्न सफल भएको छ । यस कारणले पनि नेपाल कसैको औपनिवेशिक राष्ट्र बन्नु परेन । जसले नेपालीलाई गोर्खालीको पहिचान दिलायो । इतिहासकारको अध्ययन अनुसन्धान अनुसार त्यसबेला हाम्रा पुर्खाको वुद्धि विकेकले सिन्धुलीगढी युद्ध नजितेको भए नेपालको एकीकरण असम्भवप्रायः थियो । हामी अंग्रेजहरूको उपनिवेश बनेर बस्नुपर्थ्यो र अहिले नेपाल अभिवाज्य राष्ट्रका रुपमा रहन्थ्यो कि रहँदैनथ्यो भनेर यसै भन्न सकिँदैन । त्यसैले नेपालको इतिहासमा सिधुलीगढीलाई राष्ट्रिकै गौरव र सान सौकत मान्न सकिन्छ ।

सिन्धुलीगढीमा त्यसबेला शत्रुलाई आक्रमण गर्न निर्माण गरिएका आड तथा दुर्गहरू अहिले पनि छन् । गढीमा रहेका किल्ला, दरबार, अदालतको भग्नावशेष अहिले पनि देख्न सकिन्छ भने कतिपय संरचनाको भागनाशेष नै संरक्षण हुन नसक्दा गायब पारिएको छ । धेरै शिलालेखहरू हराएका छन् भने भएका शिलालेखको पनि संरक्षण गरिएको छैन ।

ऐतिहासिक किल्ला पर्यटकीय आकर्षणको केन्द्र अवश्य पनि हो । जापान सरकारको सहयोगमा पूर्वी नेपाललाई जोड्ने बीपी राजमार्ग सिन्धुलीगढीबाटै निर्माण भएपछि यसको आकर्षण थप बढेको छ । स्वदेशीमात्र नभई विदेशी पर्यटकले पनि सिन्धुलीगढीको ऐतिहासिकता तथा किंवदन्तीजस्तै लाग्ने मौलिक युद्धका विषयमा बुझ्न चाहेका छन् र यसबाट त्यस क्षेत्रको पर्यटकीय महत्व थप बढेको पनि छ । तर, पछिल्लो समय सिन्धुलीगढीमा पर्यटकीय विकासको नाममा जथाभावी भौतिक संरचना निर्माण सुरु हुँदा त्यसले यस गढीको मौलिक अस्तित्व नै समाप्त पार्ने हो कि भन्ने चिन्ता सबैमा बढेको छ ।

### मेटिएको इतिहास

२०५२ साल फागुन १ गते रोल्पा र सिन्धुलीगढीमा रहेको प्रहरी चौकीमा एकसाथ आक्रमण गरेर तत्कालीन माओवादीले जनयुद्धको सुरुवात गऱ्यो । चौकी रहेको उक्त स्थानमा दुई वर्षअगाडि सिन्धुलीगढी स्मारक खडा गरिएको छ । चौकीको अस्तित्व अहिले देख्न सकिँदैन । अझ विडम्बना के छ भने रणबहादुर शाहले गढीको पुनर्निर्माण गरेर लेखिएको शिलालेख गढीको एउटा कुनामा फालिएको छ भने अरू थुप्रै शिलालेखको संरक्षण गरिएको छैन । यद्यपि, सिन्धुलीगढी स्मारक बनाउने नाममा मेयर, गणपति र कर्णेलका नाम उल्लेख गरेर नयाँ शिलालेख खडा गरिएको छ, जसले गर्दा पुराना इतिहास मेटेर नयाँ इतिहास खडा गर्ने दुष्प्रयास भइरहेको छ र स्थानीय आफ्नो धरोहर मेटिँदा पनि टुलुटुलु हेरेर बसिरहन विवश छन् । गढीमा यस्ता अरू कति पुराना ऐतिहासिक संरक्षणको अस्तित्व मेटिएको छ, त्यसको थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

### जथाभावी निर्माण हुँदै भौतिक संरचना

मल्लकालमा उच्च रणनीतिक भूभागमा धेरै गढी स्थापना गरिएको थियो । पूर्वदेखि पश्चिमसम्म अहिले पनि धेरै गढीहरूको भागनाशेष कायम नै छ । त्यहीमध्ये सिन्धुलीगढी एक हो । त्यस बेला उपलब्ध ढुंगा, सुर्कीलगायत सामग्रीले नै गढी स्थापना गरिएको थियो । कतिपय गढीमा राजाहरूको बसोबासको लागि दरबार पनि निर्माण गरिएको थियो । त्यस बेला दुस्मनलाई आक्रमण गर्न ढुंगाबाट निर्माण गरिएका बंकर, कोतघर, मन्दिर, पोखरी, इनार, ढुंगेधारा, शिलालेख, वास्तुकलाले भरिएको दरबार र पाटीपौवा, खुल्ला मैदान नै गढीको मौलिकता हो । तर, अहिले गढीको पर्यटकीय विकासको नाममा जथाभावी भौतिक संरचना निर्माणको काम भइरहँदा त्यसले गढीको मौलिक अस्तित्व नै धरापमा पारेको छ । जथाभावी घर, स्मारक, सिमेन्टको सिँढी, सडक निर्माण भइसकेका छन् भने थप भवन, गेट, पार्क बनाउन धमाधाम टेन्डर भइरहेको छ । स्थानीय सरकार र प्रदेश सरकारले गढीमा नयाँ संरचना बनाउन प्रतिस्पर्धा गरिरहेका छन् । यसरी निर्माण भइरहेका संरचनाले गढीको मौलिक अस्तित्व मासेर गढी क्षेत्रलाई सहरीकरण गर्ने योजनामा उद्यत देखिन्छन् ।

### युद्ध संग्रहालय

नेपाली सेनाले सिन्धुलीगढीमा युद्ध संग्रहालय बनाउन एकतले ट्रस भवनको डिजाइन सार्वजनिक गरेको छ । ४ करोड लागतमा भन्ने उक्त संग्राहलय कात्तिक २४ गते शिलान्यास हुँदैछ । अर्कोतर्फ प्रदेश सरकारले भने पुरातत्व विभागले तयार गरे डिजाइनमा सिन्धुलीगढीमा रहेको राणाकालीन दरबारको पुनर्निर्माण गर्न टेन्डर गर्ने अन्तिम चरणमा छ र यो पनि कात्तिक २४ गते नै शिलान्यास गरिँदैछ । जसका लागि प्रदेश सरकारले ४ करोड बजेट विनियोजन गरिसकेको छ । १४ ढोका र ५६ झ्याल भएको उक्त विशाल दरबार पुनर्निर्माण भइसकेपछि के गर्ने ? उक्त दरबारमा संग्रहालय स्थापना गर्दा हुँदैन थियो र ? दरबारमा संग्रहालय ‼ त्यो भन्दा उत्तम के हुन्थ्यो ? जुन अहिले बन्ने संग्रहालयभन्दा दोब्बर ठूलो र २ तलाको हुनेछ । तर, गढीमा नयाँ भौतिक संरचना निर्माणको प्रतिस्पर्धाले यसरी कुरुम बन्दै गएको छ । एकदेखि अर्को सरकारी निकायबीच नै समन्वय छैन । गढीमा धेरैभन्दा धेरै संरचना बनाउने, उद्घाटन गर्ने र शिलालेखमा आफ्नो नाम राख्ने होडबाजी नै चलेको छ । जसबाट पुरातात्विक मर्यादामा भने चोट पुगेको छ ।

### विजय उत्सवको भ्रम

विभिन्न सरोकार निकायको सक्रियतामा २०७६ सालदेखि हरेक वर्षको कात्तिक २४ गते अग्रेजसँग युद्ध जितेको अवसरमा विजय दिवस मनाउने गरिएको छ । गढीको प्रचारप्रसार र इतिहासको सम्मानमा यो प्रशंशनीय कार्य हो । तर सिन्धुलीगढीमा युद्धको मिति यकिन गर्न अध्ययन र छलफल हुँदा असोज १५ गते विजय हासिल तथ्य प्रमाणित भएको छ । गढीको युद्ध सम्बन्धमा समृद सिन्धुली अभियानले पर्यटन बोर्डको हलमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा इतिहासविद् प्राध्यापक दिनेशराज पन्त र नेपाली सेनाका पूर्व महासेनानी एवं गढी तथा किल्ला विशेषगग डाक्टर प्रेमसिंह बस्न्यातले सिन्धुलीगढी युद्धले असोज १५ गते नै विजय प्राप्त गरेको पुष्टि गरेका छन् । कमलामाई नगरपालिकाले २ वर्ष अगाडि स्थापना गरेको स्मारकमा समेत असोज १५ गते विजय भएको लेखिएको छ । इतिहासको तथ्य बाहिर आइसक्दा समेत कात्तिक २४ गते नै विजय दिवस मनाइरहँदा त्यसले बिस्तारै इतिहास तोडमोड हुने चिन्ता छ । विजयउत्सव वर्षभरि मनाउन सकिन्छ तर विजय दिवस यकिन मितिमा मनाउनुपर्छ । असोज १५ गते कुनै कार्यक्रम नगर्ने र स्थानीय सरकारले सार्वजनिक बिदा दिएर कार्तिक २४ गते विजय दिवस मनाइरहदा ऐतिहासिक तथ्यलाई गलत सावित गर्ने प्रयास भएको देखिन्छ ।

### अबको बाटो

गढीको पुरातात्विक मौलिकता र अस्तित्व जोगाइराख्न अहिले भइरहेका निर्माण तत्काल रोकिन आवश्यक छ । गढीमा नयाँ संरचनाभन्दा पनि गढीमा रहेको पुरानो संरचना जस्ताको तस्तै हेर्न नै पर्यटक आउने हुन् । आधुनिक पार्क, सिँढी, सडक, भवन जहाँ त्यही देखिन्छ । ती संरचना गढीमा बनाइराख्न आवश्यक छैन । पहिलाको समयमा ढुंगाबाट निर्माण गरिएका बंकर, कोतघर, मन्दिर, पोखरी, इनार, ढुंगेधारा, शिलालेख, वास्तुकलाले भरिएको दरबार, पाटीपौवा, खुल्ला मैदान जे-जस्तो अवस्थामा छ जोगाइराख्ने र आवश्यकअनुसारको संरचना मात्र पुनर्निर्माण गर्नुपर्छ । जस्तैः पुरानो दरबारको पुनर्निर्माण भइरहँदा संग्रहालयको नाममा नयाँ भवनको आवश्यक हुँदैन । उक्त दरबारमा नै संग्रहालय राखिँदा झन् उत्तम हुन्छ । पुरानो चौकी भएको ठाउँमा स्मारक बनाउन मिल्दैन । स्मारक बनाउन परे पनि उपयुक्त स्थानको छनोट गरिनुपर्छ । गढीको पुनर्निर्माण हुँदा पौराणिक र पुरातात्विक मूल्य र मान्यता जोगाउँदै गढीको पुनर्निर्माण हुनुपर्छ । यो सकिँदैन भने नियमित सरसफाइ गरेर भग्नावशेसको संरक्षण गरेमात्र पनि पुग्छ ।

# फर्केनन् साउनाको बाफ लिन गएका मगर दम्पत्ति

केशर धामी/मध्यान्ह
काठमाडौं/१६ माघ

ललितपुर महानगरपालिका-१४ का ४० वर्षीया हस्त गर्बुजा मगर दैनिकजसो विशाल चोकमा रहेको 'फिट एण्ड फाइन' जिमखाना जान्थे। उनी जिमखानामा जिम गर्न नभइ साउनामा बाफ लिने गर्थ्ये। बुधबार पनि साँझ मगर ३७ वर्षीया श्रीमती नेत्रकुमारीलाई लिएर ४० वर्षीय मगर ३७ वर्षीया श्रीमती नेत्रकुमारीलाई लिएर 'फिट एण्ड फाइन' जिमखाना पुगे।

उनीहरू सवा ६ बजेतिर त्यहाँ पुगेका थिए। ६:२१ बजे दुवैजना साउना छिरे। सधैँ केहीबेरमै निस्किने मगर लगभग अढाइ घन्टा बित्दा पनि बाहिर आएनन्। श्रीमान्-श्रीमती छिरेका हुनाले कर्मचारीले वास्ता गरेनन्। ९ बजेसम्म पनि उनीहरू बाहिर नआएपछि कर्मचारीलाई शंका लाग्यो। कर्मचारीले ढोका फोडे।

ढोका फोडेपछि हेर्दा दुवै जना बेहोस अवस्थामा थिए। सञ्चालिका जुना बस्नेतले तत्काल प्रहरीलाई फोन गरिन्।

साउनासँगै बाथरूममा नुहाउने क्रममा उनीहरू बेहोस भएका थिए। बाफ लिएर नुहाउन पस्दा उनीहरूले तातोपानी प्रयोग गरेका थिए। प्रहरी नायब उपरीक्षक मित्रबन्धु शर्माका अनुसार बाथरूममा झ्याल थिएन। ग्यास गिजरजडित धारा थियो। नुहाउँदा दुबैले गिजर चलाएको देखिएको सीसीटिभी फुटेजमा देखिएको छ।

बाल्टिनमा तातोपानी भेटिएको छ। झ्याल नभएको बाथरूममा गिजर चलाउँदा अक्सिजनको मात्रा कम भएपछि उनीहरू बेहोस भएको आशंका गरिएको छ। अक्सिजन कम भएपछि उनीहरू बेहोस भएका हुन सक्ने अनुमान गरिएको थियो।



बेहोस अवस्थामा पाटन अस्पताल ल्याइपुऱ्याउँदा दुबैलाई डाक्टरले मृत घोषणा गरे।

प्रारम्भिक अनुसन्धानमा गिजर प्रयोग गरेका कारण उनीहरू निसास्सिएको आशंका गरिएको प्रहरीको भनाइ छ। यो घटनापछि प्रहरीले सञ्चालिका बस्नेतलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ।

चार-पाँच जना सञ्चालकमध्ये उनी एक हुन्। अरू सञ्चालक देशबाहिर रहेका छन्। साउना सञ्चालकले ग्राहकको सुरक्षामा लापरबाही गरेको हुनसक्ने भएकाले नियन्त्रणमा लिइएको शर्माले बताए। 'के-कस्तो तरिकाले चलाएको छ, त्यहाँ जाने ग्राहकको जीउज्यानको सुरक्षाको भरपर्दो व्यवस्था गरिएको छ छैन सबै कुरा बुझ्छौं,' उनले भने।

मृतकको घर म्याग्दी हो। महानगरीय प्रहरी परिसर ललितपुरका अनुसार करोडौं लगानी गरेर साउना सञ्चालनमा ल्याएको देखिन्छ। कति तापक्रम हुन्छ, मानिसले कतिसम्म थेग्ने हो, अनि गिजरमा नुहाउँदा कति तापक्रमसम्मको पानीको लेभल राख्ने हो, के कस्तो राखेको छ। सबै बुझेपछि लापरबाही गरेको हो रहेछ भने प्रचलित कानुनअनुसार सञ्चालकहरूलाई कारबाही गरिने प्रहरीले जनाएको छ।

म्याग्दीको मालिका गाउँपालिका-४ मृतक हस्त पूर्वमन्त्री थममाया थापाका स्वकीय सचिव थिए। आफन्त भएकाले थापाले उनलाई स्वकीय सचिव बनाएकी थिइन्। दुबैका एक छोरा र छोरी छन्। चारै जना ललितपुर-१४ मै डेरा गरेर बस्दै आएका थिए।

# प्रेस स्वतन्त्रता सेनानी गुप्ताको निधन

**राँझा/मस-** बाँकेका अग्रज पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी पन्नालाल गुप्ताको निधन भएको छ। बयानब्बे वर्षीय गुप्ताको गएराति उपचारका क्रममा शिक्षण अस्पताल नेपालगञ्जमा निधन भएको हो। केही वर्षयता अस्वस्थ रहेका सेनानी गुप्ताले बुधबार साँझ बान्ता गरेपछि अस्पताल लगिएको थियो। सेनानी गुप्ताका छोरा तथा पूर्वनगरप्रमुख विजयकुमार गुप्ताले उपचारका क्रममा उनको निधन भएको जानकारी दिए।

नेपालगञ्जको पत्रकारितामा छुट्टै पहिचान बनाएका सेनानी गुप्ताले 'किरण साप्ताहिक'को सम्पादक रहेर लामो समय पत्रकारिता गरेका थिए। अग्रज पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी गुप्ताको निधनले बाँकेको पत्रकारिता क्षेत्रलाई अपूरणीय क्षति पुगेको नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष ठाकुरसिंह थारुले बताए। उनीको दाहसंस्कार आज शुक्रबार राप्ती नदीको चिदनिया घाटमा गरिने परिवारले जनाएको छ।

यसैबीच नेपाल पत्रकार महासंघले गुप्ताको निधनप्रति दुःख व्यक्त गरेको छ। महासंघले विज्ञप्तिमार्फत स्व पत्रकार गुप्ताप्रति श्रद्धाञ्जलि अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ।

महासंघका महासचिव रमेश विष्टले विज्ञप्तिमार्फत नेपालगञ्जको पत्रकारिता क्षेत्रमा छुट्टै पहिचान बनाएका गुप्ताको निधनले नेपाली पत्रकारिता जगत्ले एक सिद्धान्तनिष्ठ, अनुभवी, निर्भीक र व्यावसायिक पत्रकारलाई गुमाएको उल्लेख गरेका छन्। लामो समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय गुप्तालाई महासंघले २०६० सालमा प्रेस स्वतन्त्रता सेनानी सम्मान प्रदान गरेको थियो। उनी २०५६ साल भदौदेखि २०५८ साल फागुनसम्म महासंघ बाँके शाखाको सभापति थिए। स्व गुप्ताका चार छोरा र तीन छोरी छन्।

# सरकारले उद्योगलाई प्राथमिकतामा राखेको छ : उपप्रधानमन्त्री



**महोत्तरी/मस-** उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले सरकारले औधोगिक क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको बताएका छन्। देउराली-जनता फर्मास्युटिकल्स प्रालिको २९औं वार्षिकोत्सव समारोहका अवसरमा बिहीबार आयोजित कार्यक्रममा उनले आवश्यकतामा आधारित उद्योगलाई सरकारले प्राथमिकतामा राखेको बताएका हुन्।

'देशलाई समृद्ध र जनतालाई सुखी बनाउन सरकारले उद्योग स्थापनामा जोड दिएको छ,' उनले भने। सबै प्रदेशमा औधोगिक क्षेत्र स्थापनामा सरकार लागेको उनको भनाइ थियो। उपप्रधानमन्त्री पोखरेलले देउराली-जनता फर्मास्युटिकल्स गौरव गर्न लायक उद्योगका रूपमा विकास हुँदै गएको बताए।

रक्षामन्त्री पोखरेलले जनतासँग गाँसिएको संस्थामात्र बाँच्न सक्ने हुँदा कम्पनीले स्वास्थ्य चेतना अभिवृद्धिमा सहयोग पुऱ्याउन जरुरी रहेको उल्लेख गर्दै औषधिको अध्ययन अनुसन्धानमा समेत केन्द्रित हुन कम्पनीलाई आग्रह गरे। औषधि उत्पादनका लागि आयात हुने कच्चा पदार्थमा लाग्ने भन्सार शुल्क कम गर्न सरकार गम्भीर भएर लाग्ने उनको भनाइ थियो। औषधि व्यवस्था विभागका महानिर्देशक नारायण ढकालले कुल खपतमध्ये ४५ प्रतिशत औषधि स्वदेशमै उत्पादन हुने गरेको बताए।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले फर्मास्युटिकल्सले टोखा नगरपालिकाको गरिमा बढाएको बताउँदै राष्ट्रको समृद्धिका लागि उद्योगको महत्वपूर्ण भूमिका रहेको धारणा व्यक्त गरे। टोखाको विकासमा देउराली जनताले सहयोग पुऱ्याएको उनको भनाइ थियो।

कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले मेहनत, परिश्रम र इमान्दार भएर अगाडि बढेका कारण कम्पनी अहिलेको अवस्थामा आएको बताए। उनले राजश्वलाई भन्दा उद्योग स्थापनालाई सरकारले प्राथमिकता दिनुपर्ने बताए। सरकारले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो।

स्थानीय समाजसेवी चन्द्रविनोद चालिसेले कम्पनीले एक वर्षमा नै धेरै प्रगति हासिल गर्न सफल भएको बताउँदै थप सफलताको शुभकामनासमेत दिए। प्रालिका महाप्रबन्धक रीना श्रेष्ठले कम्पनीले मुटुरोग, नसासम्बन्धी रोग, मधुमेह, चर्मरोगलगायत ३२० प्रकारका औषधि उत्पादन गरिरहेको जानकारी दिए।

विसं २०४७ माघ १६ गते स्थापना भएको कम्पनीले ५०० भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएको कम्पनीका अध्यक्ष दुर्गा उपाध्यायले जानकारी दिए। सोही अवसरमा कम्पनीमा १०, १५, २० र २५ वर्ष सेवा गरेका कर्मचारीलाई दीर्घसेवा पदकबाट सम्मान गरिएको थियो।

# तातोपानी नाकामा कोरोना हेल्थ डेस्क स्थापना

**चौतारा/मस-** चीनमा फैलिएको नोवल कोरोना भाइरस संक्रमण फैलिन नदिन उत्तरी नाको तातोपानीमा हेल्थ डेस्क स्थापना गरिएको छ। भोटेकोशी गाउँपालिकासँग समन्वय गरी स्थानीयवासीमा जनचेतना जगाउने उद्देश्यले प्रचारप्रसार गर्नुका साथै हेल्थ डेस्क स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङले जानकारी दिए।

डेस्कमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइएको र कोरोना भाइरसको लक्ष्यण देखिएमा बिरामीलाई तत्काल काठमाडौ अस्पतालमा पठाइने व्यवस्था मिलाइएको जिल्ला जनस्वास्थ्य अधिकृत दुर्गादत्त चापागाईंले बताए। तिब्बती भूभागमा हाल हिमपात भई सडक बन्द भएको र ल्होछार पर्वसमेत परेकाले एक सातादेखि चीनबाट सामान आयात बन्द गरिएको तातोपानी भन्सार कार्यालयका सूचना अधिकारी केशव वलीले जानकारी दिए। अध्यागमन कार्यालयका अनुसार खासा क्षेत्रमा शुरुदेखि नै चिनियाँ चिकित्सकबाट स्वास्थ्य परीक्षण गरी सामान्य ज्वरो आएका व्यक्तिलाई पनि नेपाल प्रवेशमा रोक लगाउँदै आएको छ। विसं २०७२ को भूकम्पबाट बन्द रहेको नाका गत जेठ १५ गते पुनः सञ्चालनमा आएको थियो।


## फ्रि भिषा ! फ्रि टिकट ! सहित मलेशियामा रोजगार

कम्पनी : SYARIKAT LOGAM UNITRADE SDN BHD | शहर: MALAYSIA
पुर्व स्वीकृत मितिः २०७६/०९/२९ | चलानी नं.: ६०१५००४० | L.T. No.: 230857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 7 | 0 | स. काममा दक्ष | 1100 | ३०,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Reaz And Farah Employment Services Pvt. Ltd.
G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387
Mob.: 9842405397, E-mail : reazandfarah@gmail.com
Gov. Lic. No. 1008/068/069



## कतारमा रोजगारको अवसर

कम्पनीः MAPCO INC. QATAR | शहरः QATAR
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ | चलानी नं.: ६०१५०८३२ | LT. No.: 232072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumbing Assistant | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1400 | ४३,७२० | | | | | | | |
| 3. | Pipefitter | 20 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 4. | Labour | 1 | 0 | | 900 | २८,१०५ | | | | | | | |
| 5. | Elecrical Tech | 8 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Satya Sai Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Tel : 4385600, 4385700
Email : styasaioverseas@enet.com.np
Govt Lic. No. 662/063/064



## UAE मा रोजगारको अवसर

कम्पनीः LILAS BEAUTY CENTER | शहरः UAE
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ | चलानी नं.: ६०१५०८५५ | LT. No.: 231548

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Archives Clerk | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ४६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 1 | | 1500 | ४६,४४० | | | | | | | |
| 3. | Body Masseur | 0 | 1 | | 1500 | ४६,४४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

टाईगर ओभरसिज इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
धुम्बाराही-४, प्रकाश मार्ग, काठमाडौं, फोनः ४४१८९९७, ४४३३७२२, ९८५१०१४०२७, ९८५१०४४२१६
फ्याक्सः ४४४३१४४, पि.ओ.बक्सः २१४४५, Email: info@tigeroverseas.com,
Web.: www.tigeroverseas.com
Govt. Lic. No. 335/059/060



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनीः ANNOKHBAH SECURITY SERVICES/PRIME SECURITY SERVICES | शहरः UAE
पूर्व स्वीकृत मिति.: २०७६/०९/०१ पून स्वीकृत मिति.: २०७६/१०/१६ | चलानी नं.: ६०१४८४६२ पून चलानी नं.: ७३१ | LT. No.: 229247

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 41 | 0 | स. काममा दक्ष | 1800 | ५५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २३ गते (6 Feb. 2020) मा जनप्रिय होटल पोखरा, कास्कीमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं, फोनः ४३७९०४७, ४३७९०९१
मो.: ९८०१२८०८२२, ९८५१०२३७४५, ९८४६३२५१८७ फ्याक्सः ४३७९०९१, Email: ayushintl007@gmail.com
श्रम इजाजत नं. ६८८/०६३/०६४



## साउदीमा रोजगार

कम्पनीः HEALTHY FOODS CO. LTD. | शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७६/१०/१६ | चलानी नं.: ६०१५०८५३ | LT. No.: 230236

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and tea makers and others | 21 | 0 | स. काममा दक्ष | 1200 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4425081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com



## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SULIEMAN AL QASOUMI CONTR .EST | शहर : SAUDI
पुर्व स्वीकृत मितिः २०७६/१०/०८ | चलानी नं.: ६०१५०५०९ | L.T. No.: 229540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३०,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.
पो. ब.न. १४१५०, महाराजगञ्ज (चक्रपथ चौकी अगाडी), काठमाडौं, नेपाल
फोन: ४७२०६४१/४७२००५४, मो.: ९८०१०७४३५, ९८५१११०२३८, ९८१३५९५४४६
श्रम इजाजत पत्र नं. १८३/०७१/०७२



## BAHRAIN मा रोजगार

कम्पनी : BANGLORE RESTAURANT AND CAFE WLL | शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ | चलानी नं.: ६०१५०८९५ | L.T. No.: 232095

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 2 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ४५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bar Man | 1 | 0 | | 180 | ५४,२९० | | | | | | | |
| 3. | House Keeping | 1 | 2 | | 120 | ३६,१९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ईभ नेपाल ओभरसिज प्रा.लि.
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्सः ४६२२४३६, मो.: ९८१८५९६४३७
श्रम इजाजत नं. १०१२/०६८/६९

# अर्याल फ्रान्सको ओभरभिलिय सहरको उपप्रमुखमा उम्मेद्वार

**काठमाडौं/मस-** फ्रान्समा आगामी मार्च महिनामा हुन लागेको निर्वाचनमा नेपाली मुलका निर्मल अर्याल रेभेइए ओबरभिलिए (Reveiller Aubervilliers) समूहको तर्फबाट नगर उपप्रमुखका लागि उम्मेद्वारी हुने भएका छन्। मार्चको १५ र २२ तारिकमा हुने स्थानीय तहको निर्वाचनका लागि हाल बसोबास गरिरहेको ओभरभिलिय नगरपालिकामा उपप्रमुख पदका लागि उम्मेद्वारी दिएको अर्यालले बताएका छन्।

फ्रान्सको पेरिस नगरपालिकासँग जोडिएको सेनशाँनदनि जिल्लामा रहेको ओभरभिलिय नगरपालिका जिल्लाको चौथो ठुलो नगरपालिका हो भने यो नगरपालिकामा करिब ८५ हजार जनसंख्या रहेको छ। फ्रान्समा ३५ हजार भन्दा बढी स्थानिय तह रहेको छ जसमध्ये ८५ प्रतिशत गाउँपालिका रहेका छन्।

एनआरएनए फ्रान्सका पूर्व अध्यक्ष तथा वर्तमान संरक्षक समेत रहेका अर्याल फ्रान्सकै एक प्रतिष्ठित इन्स्योरेन्स कम्पनीको सिनियर वातावरणीय इन्जिनियर हुँदै खरिद (procurment) प्रमुखको रुपमा कार्यरत रहेका छन्। सरल स्वभाव र सहयोगी भावना भएका अर्याल कुरा भन्दा काम गर्न मन पराउँछन्। अर्यालको जन्म नेपालको गोरखा जिल्लामा भएपनि उनको प्राथमिक तथा उच्च शिक्षा फ्रान्समै पूरा भएको थियो यसकारण उनी फ्रेन्च समुदायसँग र त्यहाँका सामाजिक कार्यकर्ताहरुसँग राम्रोसँग घुलमिल र नजिकबाट चिनिने मौका पाएका थिए। उनी नगरप्रमुख उम्मेद्वारका अत्यन्त नजिक र विश्वास पात्रको रुपमा चिनिन्छन्।

उनको समुहलाई चुनावी मैदानको दौरानमा आवश्यक पर्ने आर्थिक संकलन र परिचालनको जिम्मा पनि उनै अर्याललाई दिइएको छ। अर्यालले उम्मेद्वारी दिएको रेभेइए ओबरभिलिए समूहमा राजनीतिमा लागेका व्यक्तिहरु कम छन्, यसमा धेरै जसो नागरिक समाजका व्यक्तिहरु आबद्ध रहेका छन्। यद्यपि यस समूहलाई फ्रान्सको सोसियलिष्ट पार्टी लगायत अन्य थुप्रै सानातिना पार्टीको पनि समर्थन रहेको छ। यो समूहको मूल नारा 'एक दिगो र साझेदारी परियोजनाको लागि' भन्ने रहेको छ। फ्रान्सको स्थानीय तहको समयावधी ६ वर्षसम्मका लागि हुने छ।

**यस्तो छ चुनावी प्रक्रिया**

निर्वाचनको पहिलो चरणमा अत्याधिक बहुमत ल्याउने अर्थात ५० प्रतिशत भन्दा बढी मत ल्याउनेले नगरपरिषद्को जम्मा संख्याको आधा हिस्सा लग्छ र बाँकी रहेको सिट समानुपातिक ढङ्गले ५ प्रतिशत भन्दा माथि भोट ल्याउने लिष्टलाई बाँडिन्छ।

पहिलो चरणमा अत्याधिक बहुमत नआए न्यूनतम १० प्रतिशत ल्याउने लिष्ट दोस्रो राउण्डमा जान पाउँछ। दोस्रो राउण्डमा जाने लिष्टहरु मिसिन मिल्ने प्रावधान छ। न्यूनतम ५ प्रतिशत भोट ल्याए १० प्रतिशत भन्दा बढी भोट ल्याउने लिष्टसँग मिसिएर दोस्रो राउण्डको चुनावमा भाग लिन पाउँछ।

दोस्रो राउण्डमा कुनै पनि लिष्टको बहुमत नआएमा अग्रपंक्तिमा रहेको लिष्टले बहुमतको ५० प्रतिशत सिट लैजाने व्यवस्था छ। र अरु बाँकी सिट भोट पाएको हिस्साले समानुपातिक हिसाबले बाँडिन्छ। स्थानिय चुनावमा महिला र पुरुषको हिस्सा बराबरी हुनु पर्ने प्रावधान छ। लिष्ट तय गर्दा पार्टी अथवा समुहले पुरुष महिला पालैपालो मिलाउनु पर्छ। नगरको जनसंख्याको आधारमा नगरपरिषद्को संख्या तोकिएको हुन्छ।

ओभरभिलिय सहरमा नगरपरिषद्को संख्या ५३ जनाको रहेको छ। फ्रान्सको स्थानीय चुनावमा नगरप्रमुख को बन्ने भन्ने कुरा हरेक पार्टी अथवा समुहले घोषणा र दर्ता गर्नुपर्ने हुन्छ। नगरप्रमुख बाहेक अरु पदहरु निर्वाचनको परिणाम आएपछि तय गरिन्छ। तर अर्यालको भने उपप्रमुखमा लगभग पक्का भइसकेको छ।

**अर्यालको समुहले जिते नेपालीलाई हुने फाइदा**

अर्यालको टिम रहेको 'रेभेइए ओबरभिलिए' समूहले उक्त नगरपालिकामा विजय प्राप्त गरेमा जिल्लाको चौथो ठुलो सहर समेत रहेको सहरमा नेपाली मुलको व्यक्ति नगरसमाजमा जितेमा नगर भित्ररहेका नेपालीहरुलाई स्थानीय रुपमा बढी र प्रभावकारी रुपमा सहयोग हुने छ। नेपाली समुदाय र फ्रेन्च समुदायको सम्बन्ध विस्तारमा टेवा पुऱ्याउने छ जसबाट फ्रेन्च समुदायसँग बढी घनिष्ठता र हार्दिकता बढाउन सक्दछ। त्यहाँ रहेका नेपालीहरुले स्थानीय तहको स्रोत र साधन नियम कानून सम्मत रहेर सहजरुपले उपयोग गर्ने सम्भवाना बढ्ने छ।

नेपालको स्थानीय तह एवं सरकारसँग घनिष्ठता बढाउन पुलको काम गर्न सक्ने अवसर प्राप्त हुन सक्छ। नेपालीहरु आफ्नै समुदायमा मात्रै सिमित रहेको परिस्थितिमा नेपाली समुदाय र फ्रेन्च समुदायको सम्बन्ध विस्तारमा टेवा पुग्ने विश्वास लिइएको छ। फ्रान्समा नेपाली समुदाय धेरै सानो भएपनि यो अवसरले नेपाल चिनाउन सहयोग पुऱ्याउने छ। नेपाली कुट्नैतिक नियोगसँग हातेमालो गर्दै नेपालको स्थानीय तहसँग भगेनी सम्बन्ध विस्तार, सहयोग र संस्कृतिक आदन प्रदान र नेपाली जनताको हितमा काम गर्न सक्ने अवसर प्राप्त हुने छ।

**को हुन निर्मल अर्याल ?**

२०३२ सालमा गोरखा जिल्लामा जन्मिएका निर्मल अर्याल १३ वर्षको उमेरमा आफ्ना पिता हरिहर अर्यालसँगै फ्रान्स गएका थिए।



उनले माध्यामिक देखि एमफिल सम्मको पढाई फ्रान्समै पूरा गरे। पेसाले उनी सिभिल इन्जिनियर हुँदै वातावरण विज्ञानमा एमफिल गरेर हाल खरिद प्रमुख रहेका छन्।

बौद्धिक क्षेत्रमा निकै अब्बल व्यक्तित्व अर्याल सामाजिक क्षेत्रमा पनि सक्रिय हुँदै आए। फ्रान्सको खेजीलेमाँ शहरमा खोलिएको फ्रान्स नेपाल बी पनौति मैत्री संघमा आबद्धता भएर सामाजिक क्षेत्रमा पहिलो पाईलाको सुरुवात गरे। तत्पश्चात विभिन्न संघ संस्थामा अबद्धता हुँदै सन् २००७ मा एनआरएनए फ्रान्सको युथ कोअर्डीनेटर भई जिम्मेवारी ग्रहण गरेभने युथ कोअर्डिनेटर हुँदा गरेको प्रशंसनिय कार्यले सन् २०११ मा उनले एनआरएनए फ्रान्सको अध्यक्ष पदको नेतृत्व गर्न पुगे।

उनी अध्यक्ष भएको बखत गरेका कार्यलाई आज पनि फ्रान्सको नेपाली समुदायले एउटा स्वर्णीम पलको रुपमा सम्झना गरेको पाइन्छ। त्यो सँगै उनी फ्रान्सको सोसियलिष्ट पार्टीसँग निकट हुन थाले र पार्टीमा सहयोगी भुमिका निर्वाह गर्दै आए। फलस्वरुप उनी अहिले बसोबास गरिरहेको ओभरभिलिय नगरपालिका अन्तर्गत स्थापना भएको (सीसीसीई) विभिन्न ३२ देशको प्रतिनिधित्व गर्ने एउटा स्वेच्छिक वोर्ड जसले हरेक प्रकारको भेदभावका विरुद्धमा लड्ने, सुझाव दिने, सहयोग गर्ने र स्थानीय चुनावमा नगरभित्र बस्ने बासिन्दाहरुलाई भोटको अधिकार दिईनुपर्छ भन्ने बारे लविङ गर्ने समुहको अध्यक्ष समेत रहेर कार्य गरे।

फ्रान्सको सेनशाँनदनि शहर स्थित सहकारी बैंकको तीन कार्यकाल अध्यक्ष समेत बन्न सफल भए यसरी उनीसँग आर्थिक क्षेत्रको पनि लामो अनुभव रहेको छ। उनी त्यो बैंकको अध्यक्ष रहँदा फ्रान्समा रहेका नेपालीहरुलाई खाता खोल्न, ऋण लिन मिल्ने सहज बाटो बनाइदिएका थिए। हरेक वर्ष जसो नेपाल आइराख्ने उनीमा नेपाली कला संस्कृति रीतिरीवाजप्रतिको चाख अझै मरेको छैन। उनले राष्ट्रिय समन्वय परिषद् फ्रान्सको अध्यक्ष हुँदा नेपालमा प्राकृतिक प्रकोपमा परी समस्यामा रहेकाहरुलाई ठुलो परिमाणमा आर्थिक सहयोग गरेका थिए।

उनले अनाथ अपाङ्ग, गरिब बालबालिकाहरुलाई शिक्षा स्वास्थ्य क्षेत्रमा पाल्पा गोरखा र धादिङमा आर्थिक सहयोग पनि प्रदान गर्दै आइरहेका छन्। अर्याललाई साहित्य र लेखन क्षेत्रमा पनि चाख रहेको पाइन्छ। उनको ज्ञानविन्दु पत्रिकामा अंग्रेजी लेख प्रकाशन भएको पनि पाइन्छ। यी र यस्तै लगनशीलता, परीश्रमी, अध्ययनशीलता, सामाजिक भावना, जिम्मेवारीबोध र उच्च शिक्षित, अनुभवी व्यक्तित्व भएकै कारण उनी फ्रान्सको स्थानीय निर्वाचनमा सोसलिष्ट पार्टीको समूहबाट उम्मेद्वार बन्न सफल भएको पाइन्छ।

# साथीको हत्या गर्ने बंगलादेशी नागरिक पक्राउ



**काठमाडौं/मस-** आफूसँगै आएका साथीलाई हत्या गरेको अभियोगमा एक बंगलादेशी नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। महानगरीय प्रहरी परिसर काठमाडौंले बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै ढाकाका ४५ वर्षीय मुहाउद्दिन अहमद परवेजलाई हत्या गरेको अभियोगमा उनकै साथी ४४ वर्षीय दुला मियाँलाई पक्राउ गरी सार्वजनिक गरेको हो।

सोल्टीमोडस्थित होटल ग्राण्ड भिल्लाको ११४ नम्बर कोठामा बसेका दुबैबीच विवाद भएपछि परवेजलाई दुलाले टाउकोमा ह्वीस्कीको बोतल प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ। माघ ६ गते बंगलादेशबाट दुबै जना हिमालयन एयरलाइन्सबाट काठमाडौं आएका थिए।

प्रहरीका अनुसार ह्विस्कीको बोतलले तीन पटक टाउकोमा प्रहार गरेर दुलाले साथीको हत्या गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। साथीको हत्या गरेर मियाँले सोल्टी पछाडिबाट बाफल हुँदै कलंकी पुगेर बेलुका रात्रीबस चढेका थिए। उनी वीरगन्ज पुगेको र बोर्डरतर्फ गएको देखिएको प्रहरीले जानकारी दियो। त्यसपछि काँकडभिट्टाबाट रात्रीबस चढेर काठमाडौं आउँदै गरेको मियाँलाई राति १० बजे इलाका प्रहरी कार्यालय लहानले पक्राउ गरेको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिए।

प्रारम्भिक अनुसन्धान अनुसार मृतक र मियाँ ओशन ट्राभल्स एण्ड टुर्समार्फत् टिकट काटेर काठमाडौं आएका थिए। परवेजले मियाँसँग तीन वर्षअघि लेबनान पठाउन भनी तीन लाख लिएको अनुसन्धानमा खुलेको प्रहरीले बताएको छ। परवेजको शव पोष्टमार्टम गरी बंगलादेश राजदूतावासको समन्वयमा परिवारलाई जिम्मा लगाइएको छ। मियाँलाई कर्तव्य ज्यान मुद्दामा अनुसन्धान थालिएको परिसरले जनाएको छ।


**Saudi मा रोजगार** | कम्पनी : ABDULLAH ABDULAZIZ AL-FALAH & PARTNER TRADING CO
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/१५ चलानी नं.: ६०१५०८३१ LT. No.: 231962

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार बिभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**शल्मानी ओभरसिज प्रा. लि.**
Shalmani Overseas
चण्डोल चोक, बंशीधर मार्ग, काठमाडौं, नेपाल
फोन: ४४२२३५५, ४४२२६५५
श्रम इजाजत नं. ८२८/०६६/०६७



**कतारमा रोजगारको अवसर** | १. कम्पनी : NORPLEX CONTRACTING WLL
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/१६ चलानी नं.: ६०१५०८८३ L.T. No.: 231966

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen.clean.worker | 8 | 0 | | 900 | २८,१०५ | | | | | | | |

२. कम्पनी : SHUTTERING CONTRACTING शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ चलानी नं.: ६०१५०८८५ L.T. No.: 232239

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 3. | Painter | 1 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |

३. कम्पनी : AL HYT AL NAIF GENERAL CONTRACTING शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ चलानी नं.: ६०१५०८८७ L.T. No.: 232208

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician (Gen.) / Electric | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 1 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 3. | Gypsum Worker | 1 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 4. | Labour | 4 | 0 | | 900 | २८,१०५ | | | | | | | |
| 5. | Mason | 1 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 6. | Pipe Fitter | 1 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 7. | Plaster Work | 2 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 8. | Carpenter | 2 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 9. | Digger | 1 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |
| 10. | Ceramic Work | 1 | 0 | | 1100 | ३४,३५५ | | | | | | | |

४. कम्पनी : AL HYT AL NAIF GENERAL CONTRACTING शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ चलानी नं.: ६०१५०८८७ L.T. No.: 232208

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen.clean.worker (Female) | 0 | 4 | स. काममा दक्ष | 900 | २८,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २४ गते (7 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**New Light International Pvt. Ltd.**
Samakoshi, Kathmandu, Tel.: 4380173, 4384185, Mob.: 9851045653, 9851006371
Email: info.newlight1403@gmail.com
